# रातो खबर
साप्ताहिक
Ratokhabar weekly

वर्ष ३, अङ्क २७, पूर्णाङ्क १२२ | २०७४ पुस ५ गते बुधबार | Wednesday, 20 Dec 2017 | www.eratokhabar.com | मूल्य रु. १०


सलाम युगपुरुष !

स्टालिन विशेष

➲ पृष्ठ २



## सुराकीलाई छानी छानी कार्वाही गर्ने

■ अम्बिका चन्द /काठमाडौँ

नेकपाले आफ्नो पार्टीका विरुद्ध सुराकी गर्नेहरूलाई छानी छानी कारवाही गर्ने बताएको छ । गएको स्थानीय निकायको निर्वाचन, प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको समयमा सुराकी गरेर आफ्ना नेता कार्यकर्ता पक्राउ गर्न लगाएको भन्दै नेकपाका स्थानीय नेताहरूले सुराकीविरुद्ध कारवाही चलाउने बताएका छन् । यद्यपि यस विषयमा नेकपाको संस्थागत धारणा भने सार्वजनिक भएको छैन । नेकपाका एकजना क्षेत्रीय ब्युरो सदस्यले कांग्रेस एमाले र अन्य राजनीतिक दलहरूको तुलनामा माओवादी केन्द्रका नेता कार्यकर्ता तथा वाइसीएल आफ्ना विरुद्ध लागेको बताए । कतिपय ठाउँमा प्रहरीको आडमा वाइसीएलका कार्यकर्ताहरू नेकपाका नेता कार्यकर्ताविरुद्ध गतिविधि गर्ने र उनीहरूका घर-घरमा पुगेर परिवारलाई अनावश्यक दुःख दिएको पनि उनले बताए । सुराकीविरुद्धको कार्वाही कस्तो हुन्छ भनेर स्पष्ट नबताए पनि ती ब्युरो सदस्यले सम्बन्धित व्यक्तिलाई महसुस हुने खालको कारवाही गरिने बताए ।

माओवादी केन्द्रका नेताहरू मातृका यादव, वर्षमान पुन र जनार्दन शर्मालगायतले सत्ता र शक्तिको दुरुपयोग

... बाँकी पृष्ठ ७ मा

# चर्किंदै कुर्सीको खेल

■ रातो खबर संवाददाता

### ओलीको जोड सरकारतिर, प्रचण्डको जोड पार्टी एकतातिर





प्रदशेसभा र प्रतिनिधिसभाको निर्वाचन सकिनासाथ दलहरूको कुर्सीको खेल चल्न थालेको छ । निर्वाचनअगाडि नै माथिल्लो सदनको प्रतिनिधित्व तथा गठन कसरी गर्ने भन्ने बहस चर्किएको थियो । एमाले गठबन्धनको बहुमत आउने अनुमानसहित सो दल 'बहुमतीय प्रणाली' को पक्षमा थियो भने कांग्रेस बहुमत नआउने पूर्वानुमानुसहित त्यसको विपक्षमा थियो । निर्वाचनमा पूर्वानुमानजस्तै परिणाम आएको कारण वाम तथा लोकतान्त्रिक नामको एमाले र कांग्रेस गठबन्धनको बीचमा संघर्ष चर्किएको छ । त्यसको कारण समानुपातिक सांसद्, प्रदेशसभा, प्रतिनिधिसभा, सरकार गठनलगायत सारा कामहरू प्रभावित भएका छन् । विवाद बढ्दै जाँदा संवैधानिक अङ्गहरू पनि तानिन थालको छन् । एमाले नेतृ तथा राष्ट्रपति विद्यादेवी भण्डारीले एमालेको निर्देशनमा प्रस्तावित विधेयक पारित गर्न आनाकानी गरेपछि कांग्रेस सरकार लम्ब्याउने खेलमा छ भने एमाले जनमतको बलमा तोडफोड र ठेलठालको मानसिकतामा देखिन्छ ।

एमालेको सामान्य बहुमत भए पनि माकेसहित मात्र दुईतिहाइ बहुमत छ । गएको निर्वाचनमा जसरी नै माओवादी केन्द्र निर्णयक स्थानमा छ । कांग्रेस, माके, राजपा र फोरमको मत जोड्दा एमाले अल्पमतमा पर्ने देखिएको छ । त्यसकारण सरकारको चाबी माओवादी केन्द्रको हातमा रहेको देखिन्छ । त्यसकारण राजनीतिक स्थिरताको नारा पनि धरापमा परेको छ ।

वाम गठबन्धन र एमाले-माके पार्टी एकताको चर्चा भइरहेको बेला कतिपय विश्लेषकहरूले चुनाबी स्वार्थका लागि मात्र वाम गठबन्धन भएको र पार्टी एकता सम्भव नभएको बताएका थिए । कतिपय विश्लेषकले त प्रचण्ड र देउवाको संयुक्त सरकार बन्ने सम्भावना नै प्रवल रहेको बताएका थिए । निर्वाचनकै समयमा ओली रूपमा कांग्रेसप्रति कडा प्रस्तुत हुँदै आएका थिए भने प्रचण्ड स्वभाव प्रतिकूल सन्तुलित देखिन्थे । त्यसलाई पनि अर्थपूर्ण रूपमा हेरिएको छ ।

... बाँकी पृष्ठ २ मा

# वामपन्थी गठबन्धनबारे



भरत बम (रणवीर)

आजको उत्तर-साम्राज्यवादले आफ्नो अमानवीय लुटपाटको रक्षा गर्न दुनियाँलाई धेरै नै प्रयोगवादी र उपभोगवादी बनाएको छ । परिणामतः वैचारिक र सैद्धान्तिक विषयहरूको महत्वको कि त अवमूल्यन भएको छ कि त भने बुद्धिविलासको खेल । त्यसैले हामीले व्यावहारिक जीवनका समस्याहरूको समाधान सिद्धान्तमा खोज्नुपर्छ भने सिद्धान्तको वैज्ञानिकता व्यावहारिक जीवनको समस्या समाधानको कसीमा खोज्नुपर्छ । आज हाम्रो व्यावहारिक जीवनका समस्याहरू के के हुन् ? यिनको वैज्ञानिक समाधान के हो ? के अहिलेको कथित वाम गठवन्धनले समस्याको पहिचान गरि उचित समाधान दिन सक्ला ? बहसको आवश्यकता छ ।

**१) प्रमुख समस्या**

देशको मुख्य समस्या भनेको राष्ट्रिय स्वाधीनता र स्वाभिमानको हो किनभने कुनै पनि देश स्वतन्त्र नभई विकास हुनै सक्दैन । वास्तवमा यो राष्ट्रिय स्वाभिमानकै विषय हो जो कम्युनिस्ट वा वामपन्थीहरूप्रति जनताको आकर्षणको कारण पनि बनेको छ । सिद्धान्ततः एक कम्युनिस्ट अन्तर्राष्ट्रियतावादीका साथै, साँचो अर्थको राष्ट्रवादी पनि हुन्छ तर हाम्रो देश परिवर्तनको दिशामा जति अगाडि बढिरहेको दाबी गरिएको छ, त्यति नै बढी हाम्रो परनिर्भरता र स्वाभिमान कमजोर भएको छ । परिणामस्वरूप देश परनिर्भर बन्दै नवउपनिवेश बनेको छ । त्यसैले स्वभाविक प्रश्न उठ्दैछ कि परिवर्तन र विकास भनेको के हो ? के देश परनिर्भर र उपनिवेश बन्नु विकास हो ? के युवाहरूको पलायनता बढ्नु र बेरोजगारी बढ्नु विकास हो ? कि त भ्रष्टचार बढ्नु र कमिसनको खेलमा देश र जनतालाई नै दाउमा लाउने प्रतिस्पर्धा चल्नु विकास हो ? कि विदेशी लगानी बढ्नु र प्रत्येक नेपालीहरूको थाप्लोमा विदेशी ऋणको भार थपिँदै जानु विकास हो ? वा देशभित्रको समस्या समाधान गर्न विदेशी सल्लाहकारले काठमाण्डौका तारे होटेल भरिनुभएन भने सल्लाहका लागि नेताहरू विदेशका तारे होटेलको बास बस्न वाध्य हुन नै विकास हो ? किनकि अहिलेसम्म हामीले देखे-भोगेको समस्या यही हो । यदि हाम्रो राजनीतिक सिद्धान्त सही छ

... बाँकी पृष्ठ ५ मा

# चीन विश्वकै शक्तिशाली हुने

■ रातो खबर संवाददाता



अर्थतन्त्रमा निरन्तर र अपेक्षाकृत सफलता हासिल गरिरहेको चीनले आगामी तीस वर्षमा विश्व राजनीतिमा आफ्नो बर्चस्व राख्ने बताएको छ । चिनियाँ कम्युनिस्ट पार्टीका नेता एवं ' चाइनिज एकेडेमी अफ दि सोसियल साइन्स' का सभापति वाङ बेगुवाङले अबको तीस वर्षमा चीन सम्पन्न आधुनिक एवं शक्तिशाली मुलुक बन्ने बताए । चिनियाँ दुतावासद्वारा सोमवार काठमाडौंमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै वेगुवाङले समाजवादलाई नयाँ युगमा प्रवेश गराएको चीनमा पन्ध्रसयभन्दा बढी सुधारका अभियान सुरु भइसकेको पनि बताए । छिट्टै विश्वमा शक्ति सम्पन्न बन्ने दाबी गर्दै बेगुवाङले कुनै पनि शक्ति सम्पन्न राष्ट्रले कुनै पनि देशलाई दबाबमा राख्न खोजे त्यसको विरोध एवं प्रतिवाद गर्नेसमेत बताए । गत असोजमा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको १९ औं राष्ट्रिय सम्मेलनमा प्रस्तुत धारणा विश्वभरि नै प्रचार गर्नको विभिन्न देशहरूमा यस्तै अन्तरक्रिया कार्यक्रम गर्ने उनले स्पष्ट पारेका छन् ।

यसैबीच दोश्रोपटक पाँच वर्षीय कार्यकाल समाल्न पुगेका र माओपछिका शक्तिशाली मानिएका चिनियाँ राष्ट्रपति तथा चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव सि जिङ पिङ नेपाल भ्रमणमा आउने भएका छन् । यसअघि दक्षिण एसियाका विभिन्न देशहरूको भ्रमण गरिसकेका सि जिङ नेपालमा भने आएका थिएनन् । नेपालमा भइरहेको राजनैतिक अस्थिरताको कारण उनी यहाँ नआएको विश्लेषण गरिएको थियो ।


नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

**आर्थिक वर्ष २०७४/०७५ को अनुमानित करको विवरण तथ आयकरको पहिलो किस्ता बापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

आर्थिक वर्ष २०७४/०७५ मा आयकर ऐन, २०५८ (सं.स.) को दफा ९४ को उपदफा (१) बमोजिम आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने विवरण सो विवरण अनुसार तिर्नुपर्ने आयकरको प्रथम किस्ता वापतको ४० प्रतिशतले हुने रकम यही २०७४ पौष मसान्तभित्रै ठूला करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी ऐन अनुसार लाग्ने शुल्क तथा ब्याजबाट बचौं ।


# सलाम महान् स्टालिन !

देश/परिवेश

■ हेमन्तप्रकाश वली 'सुदर्शन'



२०५७ सालको दोस्रो राष्ट्रिय सम्मेलनपछि माओवादी पार्टीले पनि स्टालिनमाथिको हमला सुरु गरेको थियो । त्यो यात्रा यहाँसम्म आएको छ । तसर्थ स्टालिनमाथिको हमला रोकिनुपर्छ । सम्भवतः स्टालिनका उत्तराधिकारी कमरेड सेर्गेइभको हत्यापछि अक्टोबर क्रान्तिकालमै साम्राज्यवादका दलाल ठानिएका जिमेनेव र कामेनेव गिरफ्तार गरिए । उनीहरूको बयानबाट कमरेड स्टालिनलाई नै मार्ने षड्यन्त्र भएको पोल खुल्यो । जसरी लेनिनको हत्या भएको थियो, हत्या प्रयासमा गोली लागेर बाँचेका लेनिनको त्यही कारणले शीघ्र मृत्यु भएको थियो । अर्कोतिर हिटलर विश्व विजयको घोषणासहित पूर्वी युरोप पस्दै थियो । उसको पहिलो निशाना रुस नै थियो । त्यस्तो अवस्थामा आन्तरिक समस्या समाधान नगरी बाहिरको दुस्मनसँग लड्न सम्भव थिएन । त्यस्तो विशिष्ट अवस्थामा कमरेड स्टालिनले अलि बढी नै बल प्रयोग गर्नुभयो ।

कमरेड लेनिनले आफ्ना अन्तिम अन्तिम चिट्ठीहरूमा स्टालिन रूखो र अव्यावहारिक भएका कारण राष्ट्रप्रमुख बनाउन हुन्न कि भन्ने खालको भावना पोख्नुभएको थियो । त्यसका दुई कारण छन्- एक, कमरेड क्रुप्स्कायाले विपक्षीको सूचनाबाट प्रभावित भएर

बाँकी पृष्ठ ४ मा

## सम्पादकीय

# पहिलो गाँसमै ढुङ्गा

संसद्वादी दलहरूले कथित प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनअघि सोझासिधा जनतासामुन्ने अत्यन्त मीठा, जादुगरी, विकासे र समृद्धिका नारा ललिपपका रूपमा बाँडेका थिए। संसद्वादी दलहरूले यसअघि आफूहरूबाट भए-गरिएका सबै गल्तीहरू यो चुनावपछि रातारात सच्चिने, उल्टिने र जनताले पार्टी, राज्यसत्ता अभिभावक भएको अनुभूति गर्ने सस्ता र उट्पट्याङ्पूर्ण नारा पनि सार्वजनिक गरेका थिए तर तिनले चुनावसकिना साथ आफ्नो 'नानीदेखिको बानी' दोहोऱ्याउँदै संसदीय व्यवस्था र तिनका सक्कली पात्रहरूको अनुहार छर्लङ्ग देखाएका छन् । कथित राष्ट्रिय सभाको चुनावमा केही पदका लागि ऱ्याल चुहाउँदै एउटै खेलका दुई खाले गोटीका रूपमा रहेका काङ्ग्रेस र एमाले-माके गठबन्धनले गरेका खिचातानी गरेर । नक्कली संविधानसभा चुनाव गराएर जनयुद्धका सम्पूर्ण उपलब्धिहरूलाई स्वाहा पार्दै दलाल संसद्वादमा सम्पूर्ण रूपमा आत्मसमर्पण गरेको माके त्यसको नेतृत्व पुष्पकमल दाहाल यतिबेला भारतीय कोटिको जोकरजस्तो बनेका छन्। एकातिर देउवाको नेतृत्वको सरकारमा सामेली र अर्कातिर एमालेसँगको चुनावी तालमेल र कथित वाम गठबन्धन गरेर । एमालेलाई धोका दिएर देउवासँग लहसिएका दाहाल यतिबेला २०४६ सालको आन्दोलनपछि समय चेतनाले हुत्याएर पनि संसदीय व्यवस्थाका लागि आवश्यक बनिरहेका जोकर सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दको जस्तो भूमिकामा छन् । उनी राती देउवासँग र दिउँसो-दिउँसो एमालेसँग 'पिरती' गाँसिरहेका देखिन्छन् । नयाँ सरकार निर्माणसम्म देखिएको यो खिँचातानी र विद्या भण्डारीले अध्यादेश स्वीकृत नगरेपछि देखिएको दृष्यले दलाल संसद्वादी दलहरूको पहिलो गाँसमै ढुङ्गा लागेको देखिएको छ । कथित वाम गठबन्धन बनाए पनि वा कथित लोकतान्त्रिक गठबन्धन बनाए पनि नेपाल र नेपाली जनतालाई निरन्तर अपमान गर्ने, लुट्ने र सुखसयल गर्ने संसद्वादी दलहरूको नानीदेखिको बानी परेका तिनले नारा, भाका वा मुकुन्डो फेर्दैमा बदलिने कुरा हुँदैन । अहिले संसदीय सत्ताका खेलाडीका रूपमा देखिएका पात्रहरू, केपी वली, दाहाल, देउवा नेपाली जनताले 'नचिनेका बराजु' होइनन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आन्दोलनहरूमा बारम्बार जनतालाई धोका दिँदै निहित गुटगत स्वार्थमा लिप्त पात्रहरू छन् । त्यसैले तिनीहरूले यतिबेला सत्ता प्राप्ति र समाप्तिका विषयमा जे गरिरहेका छन्, त्यो कुनै नौलो विषय होइन । विरालोलाई जति डोकाले छोपे पनि त्यसले आखिरमा म्याउँ गरेरै छोड्छ भन्ने प्रमाणित भएको छ। नाम जे दिए पनि संसद्वादीहरू आफ्नो स्वार्थ छोडेर कहिल्यै पनि अघि बढ्दैनन् भन्ने उदाहरण यिनीहरूले चरितार्थ गरेका छन् ।

दलाल संसद्वादीहरूको चरित्रको कुरा गर्दा नदी किनारमा उभिएर माछा खाने गरेको एउटा बकुल्लाको चरित्रसँग मिल्दोजुल्दो लाग्छ । सधैँ नदी किनारमा उभिएर माछा सिकार गर्ने बकुल्लाबाट वाक्कदिक्क भएका माछाहरूलाई छक्याउन बकुल्लाले एउटा उपाय निकाल्छ । ऊ आफूले यसअघि सिकार गरेका माछाहरूलाई प्रायश्चित गर्दै एउटा मात्र खुट्टो टेकेर ध्यान गर्ने र आफ्नो 'अपराध' बाट मुक्त हुने बाचा बाँध्छ। बकुल्लाले लामो समयसम्म एउटा खुट्टाले मात्र टेकेर ध्यान गर्दै गरेको देखेपछि माछाहरू झुक्किन्छन् र बकुल्लो सुध्रियो होला भन्ठानेर उसको नजिकसम्म खेल्दै आउँछन् । सधैँ माछा खाएर पेट भरिरहेको बकुल्लो माछाहरू झ्याम्मिएपछि कपाकप वरिपरिका माछाहरू खाइसक्छ र फेरि प्रायश्चितको अभिनय गर्दै एउटा खुट्टा उचालेर अरू माछालाई झुक्याउन तपस्या गर्नेतिर लाग्छ। बकुल्लाले ध्यान गर्ने, प्रायश्चित गर्ने र माछाहरू झुम्मिने चक्रझैँ दलाल संसद्वादी शक्तिहरू देश र जनतालाई निरन्तर आहार बनाइरहेका छन् र विगतकै कार्यशैली दोहोऱ्याइरहेका छन् । देश र जनतालाई यिनीहरूको आहार बन्नबाट रोक्न तत्काल जनसत्ताहरू क्रियाशील बन्नुपर्छ र पुरानो सत्तालाई पूर्ण रूपमा विस्थापित गर्दै नयाँ सत्ताले समाजवादी सत्ता सञ्चालन गर्नुपर्छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# सलाम युगपुरूष !



अनिल शर्मा

> माओले आफ्नो जीवनको उत्तरार्द्धमा देशभित्रै संशोधनवादको सामना गर्नुपरेको थियो । लिन प्याओको षड्यन्त्र असफल पार्नुपरेको थियो भने आफ्नै आँखाअगाडि सोभियत सङ्घमा प्रतिक्रान्ति देख्नुपऱ्यो । त्यसको प्रभाव चीनमा परेको थियो । क्रान्तिपछि पनि देशभित्र पछौटे उत्पादनप्रणाली, सामन्ती चिन्तन र संस्कृति तथा देशबाहिर साम्राज्यवादले क्रान्तिका विरुद्ध हमला गरिरहेको हुन्छ भन्ने कुरा पनि उहाँले अनुभूत गर्नुभएको थियो।

अङ्ग्रेजी पात्रोअनुसार डिसेम्बरको अन्तिममा दुईजना युगपुरुषको जन्मोत्सव पर्दछ । जसअनुसार पुस ६ गते विश्व सर्वहारावर्गका महान् नेता कमरेड जोसेफ स्टालिन र पुस ११ गते अर्का युगपुरुष माओ त्सेतुङको जन्मोत्सव पर्छ । सर्वप्रथम हामी नेपालबाट, श्रमिक वर्गका तर्फबाट उहाँहरूलाई सम्झन चाहन्छौँ र उहाँहरूको बाटोमा अगाडि बढ्ने प्रण गर्दछौँ ।

क. स्टालिन एकजना गरिब, सार्की परिवारमा जन्मेर हुर्केका नेता हुनुहुन्थ्यो । उहाँ जर्जियाको गरिब परिवारबाट आन्दोलनमा आउनुभयो र सधैँभरि महान् लेनिनको निकट रहेर बोल्सेबिक क्रान्तिको नेतृत्व गर्नुभयो । क. लेनिन र क. स्टालिनका बीचमा अनुपम एकता थियो । अदम्य विश्वास थियो । जनजाति पृष्ठभूमिका नेता भएका कारण रुसको जनजाति आन्दोलनका विषयमा विचार निर्माणको काम लेनिनले स्टालिनलाई सुम्पिनुभएको थियो । आन्दोलनका क्रममा उहाँ पटकपटक गिरफ्तार हुनुभयो र साइबेरिया निर्वासनमा पठाइयो । निर्वासनको घेरा तोडेर उहाँ पटकपटक पार्टी सम्पर्कमा आउनुहुन्थ्यो । क्रान्तिका कठिन क्षणमा जहाँ समस्या हुन्छ, त्यहाँ लेनिनले स्टालिनलाई पठाउनुहुन्थ्यो । हरेक निर्णयमा स्टालिनको उपस्थिति लेनिनका लागि अनिवार्य थियो । सन् १९१७ मा अन्तरिम सरकारले मेन्सेबिकहरूसमेतको संलग्नतामा लेनिनलाई पक्राउ गर्ने षड्यन्त्र गरेको समयमा स्टालिनले आफ्ना सहयोद्धा तथा गुरु लेनिनलाई गरिबको झुपडीमा भूमिगत रूपमा बस्ने व्यवस्था गरेर त्यहीँबाट क्रान्तिको नेतृत्व गर्नुभएको थियो । लेनिनका दाजुलाई जार सरकारले फाँसी दिएको थियो । दाजुको व्यक्तिहत्याको राजनीति र पीडालाई आक्रोश र विवेकमा बदलेका लेनिन उच्च जातका मध्यमवर्गीय वकालत पेसाका व्यक्ति हुनुहुन्थ्यो । स्टालिन दलित जात र गरिब पीवारबाट आउनुभएको थियो ।

फरकफरक भौतिक अवस्थाले सोच्ने तरिकामा पनि फरक ल्याउँछ । तर लेनिन र स्टालिनमा त्यस्तो समस्या कहिल्यै आएन । महान् लेनिनको असामयिक निधनपछि हिटलरको नेतृत्वमा बेलायत र अमेरिकाको अप्रत्यक्ष सहयोगमा समाजवादी शिविरको केन्द्र सोभियत सङ्घमाथि आक्रमण भयो । हिटलरसँगको लडाइँको अग्रीम मोर्चामा स्टालिन आफैँ भिड्नुभयो । युद्धमा स्टालिनका छोरा हिटलरको कब्जामा परे । हिटलरले जर्मनीका बन्दीसँग स्टालिनका छोरा साट्ने प्रस्ताव गऱ्यो तर स्टालिनले हिटलरको प्रस्ताव अस्वीकार गर्नुभयो । तत्कालीन राजधानी पिटर्सबर्गमा मात्रै लाखौँको बलिदान भयो । हिटलरलाई सोभियत सङ्घले पराजित मात्र गरेन, पूर्वीयुरोपभरि क्रान्तिको विस्तार भयो । उहाँले सर्वहारा वर्गको अधिनाकत्वलाई दह्रोसँग लागू गर्नुभयो । समाजवादी सत्ताको निर्माण गर्नुभयो । आज स्टालिनलाई हेर्ने प्रश्न संशोधनवाद र मार्क्सवादका बीचको मानक प्रश्न बनेको छ ।

... ...

विश्व सर्वहारावर्गका महान् नेता तथा गुरु हुनुहुन्छ माओ त्सेतुङ । उहाँ निम्नमध्यमवर्गको परिवारमा हुर्किनुभएको थियो । चिनियाँ कम्युनिस्ट पार्टी रुसी नेतृत्वबाट प्रभावित थियो । तर माओ भने चीनको क्रान्ति रुसी बाटोबाट नभएर



मौलिक ढङ्गले गर्नुपर्ने ठान्नुहुन्थ्यो । लामो समयसम्म माओ अल्पमतमा पर्नुभयो, जसमा स्टालिनको गलत सुझावले काम गरेको थियो । लामो समयपछि स्टालिनले चीनप्रतिको आफ्नो धारणा सच्याउँदै माओ कार्यदिशालाई सहयोग गर्नुभएको थियो ।

२०३० को दशकमा भयानक क्षति बेहोर्नुपरेपछि माओ बचेखुचेको शक्ति लिएर 'लम्बे अभियान' मा निस्कनुभयो । उहाँले किसान र ग्रामीण क्षेत्रमा आधारित दीर्घकालीन जनयुद्धको कार्यदिशा विकसित गर्नुभयो । किसान आधारित जनमुक्ति सेना निर्माणको अवधारणा नयाँ जनवादी क्रान्ति, सर्वहारा सांस्कृतिक क्रान्तिजस्ता मौलिक विचारहरूको प्रयोग र आविष्कार गर्नुभयो । माओको नेतृत्वमा सुरुमा जापानी साम्राज्यवाद र त्यसपछि अमेरिकी साम्राज्यवाद पराजित भयो । कोरियाबाट जापान पछाडि हटेपछि अमेरिका ढाल बनेर उभिएको थियो । कोरियाको युद्धमा माओका छोरा सहभागी थिए । त्यहीँ उनको मृत्यु भएको थियो । माओकी जीवनसँगिनीको युद्धमै मृत्यु भएको थियो । १९४९ मा चीन मुक्त भएको थियो । १९५६ मा माओले १५ वर्षमा हामीले बेलायतलाई उछिन्नुपर्छ भन्नुभएको थियो । 'राजनीतिलाई समात, उत्पादन बढाऊ' माओको नीति थियो । यही वर्ष सोभियत सङ्घर्षमा ख्रुस्चोभले प्रतिक्रान्ति गऱ्यो । चीन-सोभियत सङ्घ विवाद चर्कियो । माओले क्रान्तिकारी मार्क्सवादको रक्षा गर्नुभयो र ख्रुस्चोभका विरुद्ध स्टालिनका विचार र कार्यको रक्षा गर्नुभयो । उहाँले स्टालिनबाट ७० प्रतिशत असल र ३० प्रतिशत कमजोरी रहेको संश्लेषण गर्दै 'स्टालिनका महान् कार्यका अगाडि उहाँका नगण्य कमजोरी रहेका छन्' भन्नुभएको थियो । माओ एकजना कवि तथा संस्कृतिकर्मी पनि हुनुहुन्थ्यो । 'येनान गोष्ठीमा साहित्य र कलाको प्रवचन' मा माओका साहित्यिक धारणा प्रस्तुत भएका छन्, जसलाई जनसाहित्यको मानक ठानिन्छ ।

माओले आफ्नो जीवनको उत्तरार्द्धमा देशभित्रै संशोधनवादको सामना गर्नुपरेको थियो । लिन प्याओको षड्यन्त्र असफल पार्नुपरेको थियो भने आफ्नै आँखाअगाडि सोभियत सङ्घमा प्रतिक्रान्ति देख्नुपऱ्यो । त्यसको प्रभाव चीनमा परेको थियो । क्रान्तिपछि पनि देशभित्र पछौटे उत्पादनप्रणाली, सामन्ती चिन्तन र संस्कृति तथा देशबाहिर साम्राज्यवादले क्रान्तिका विरुद्ध हमला गरिरहेको हुन्छ । केन्द्रीय सत्ता कब्जापछि पनि सत्ता छिनाझप्टी चलिरहन्छ र अन्तिम जित कसको ? भन्ने प्रश्न बाँकी नै रहने निष्कर्ष माओको थियो । त्यसैले उहाँले निरन्तर क्रान्तिको सिद्धान्त प्रतिपादन गर्नुभयो, जसअनसार १९६६-१९७६ सम्म महान् सर्वहारा सांस्कृतिक क्रान्तिको नेतृत्व गर्नुभयो ।

चीनमा क्रान्तिपछि अमेरिकाले चीनलाई आणविक बमको धम्की दिएर आत्मसमर्पण गराउन चाहेको थियो । माओले त्यसलाई 'कागजी बाघ' भन्दै दुत्कार्नुभयो । २०६० कै दशकमा चीन आणविक शक्तिराष्ट्र बन्यो र चीनको उपस्थितिबिना संयुक्त राष्ट्रसङ्घ नै असफल बन्ने भएपछि ताइवानको सदस्यता खारेज गरेर चीनलाई सदस्यता दिइयो । चीन संयुक्त राष्ट्रसङ्घको अमेरिका, बेलायत, फ्रान्स र रसियापछि पाँचौँ विशेषाधिकार (भिटो) प्राप्त देश बन्यो । जर्मनी, जापान र भारत चीनभन्दा पछाडि परे । त्यो अमेरिकी चाहनाविपरीत थियो । माओले पहिलो, दोस्रो र तेस्रो विश्वको अवधारणा प्रतिपादन गर्दै अन्तरसाम्राज्यवादी अन्तरविरोधको पनि संश्लेषण गर्नुभएको थियो ।

तेस्रो विश्वयुद्ध अरबको तेल भण्डारलाई लिएर हुने माओको निष्कर्ष थियो । तेस्रो विश्वयुद्ध त भएको छैन तर अन्तरविरोधको केन्द्र अरबको तेल नै भएको छ ।

माओ क्रान्तिको निर्यातका पक्षमा हुनुहुन्थेन । नेपालमा माओका योगदानमा टेकेर दस वर्ष जनयुद्ध भयो । त्यसमा थप विकास गर्दै क्रान्तिको कार्यभार पूरा गर्नुछ । विश्वका अरू थुप्रै देशमा माओको दिशानिर्देशनमा क्रान्तिको यात्रा जारी छ । माओपछि विश्वमा सर्वहारा क्रान्ति हुनसकेको छैन । यस बेला सर्वहारावर्ग, श्रमिक जनसमुदाय र उत्पीडित समुदायका पक्षमा लड्नु र नयाँ जनवादी क्रान्ति पूरा गर्नु नै स्टालिन र माओप्रति सच्चा सम्मान हुनसक्छ । युगपुरुषद्वयप्रति हाम्रो पनि श्रद्धासुमन !

## चर्किंदै कुर्सीको ...

कांग्रेसका नेताहरूले ओली नेतृत्वको सरकारले सन्तुलित नेतृत्व दिन नसक्ने दावी गरिरहेका छन् । राजपा र फोरमका नेताहरूले आन्दोलनको धम्की दिइसकेका छन् । उनीहरूको आगो ननिभ्दै एमाले र कांग्रेसका बीचमा कुर्सीको खेल चर्केको छ । ओली र दाहाल खुलेर नबोलेको भए पनि कनिष्ठ नेताहरूका बीचमा गाँड कोराकोर सुरु भएको छ । एमालेका नेताहरूले प्रम र पार्टी प्रमुख अलग अलग हुँदा बहुकेन्द्र हुने भएकोले एउटै हुनुपर्ने र ठूलो दलको नेता हुनुको कारण ओलीको विकल्प नहुने बताइरहेका छन् । एमाले पङ्क्ति प्रचण्डलाई राष्ट्रपतिमा थन्क्याउन चाहन्छ तर दाहालले सक्रिय भूमिकाबाट बाहिर नजाने जनाऊ दिइसकेका छन् । बरु दाहालले कार्यकारी राष्ट्रपतिको अपेक्षा गरेका छन् तर एमाले त्यसप्रकारको झमेलामा प्रवेश नगर्ने सोचमा छ । पार्टी अध्यक्ष, प्रधानमन्त्री दुवै पद एमालेले नछाड्ने भएपछि पार्टी एकताको बहस पछाडि पर्दै गएको छ र सरकार (केन्द्र र प्रदेश) गठनको बहसले प्राथमिकता पाएको छ । विवाद प्रदेशमा पनि उत्तिकै छ । पाँच नम्बर प्रदेशमा एमालेले शंकर पोखरेललाई अघि सारेको छ भने माओवादी केन्द्रले ५ नम्बर प्रदेशमा प्रदेश प्रमुख एमालेलाई दिन नसकिने दाबी गरेको छ । एमाले र माओवादी केन्द्रका बीचको एकताको पक्षमा नभएको ठानिएका वर्षमान पुन समूहले पार्टी एकताको विपक्षमा कार्यकर्ताको जनमत बढाउँदै लगेको माके श्रोतको दाबी छ । आफ्नो स्पष्ट बहुमत र ठूलो पार्टी हुँदाहुँदै सधैँभरि दाहाल समूहलाई अनावश्यक प्राथमिकता र त्याग गर्नुपर्ने बाध्यताका कारण एमाले अप्ठेरोमा परेको छ । त्यसो नगर्दा दाहाल समूह 'गैर-वामपन्थी' गठबन्धनमा धकेलिने अथवा लहसिने खतरा उत्तिकै रहेको छ । कांग्रेस र एमाले गठबन्धनको बीचमा कुर्सीको तानातानको कारण देशले सहज निकास पाउने सम्भावना देखिएको छैन; जसका कारण जनतामा निराशा र राजकीय निकायमा अराजकता र स्वार्थको टक्कर बढ्दै गएको छ ।

पार्टी एकताको प्रचार नगरीकन चुनावी तालमेलसमेत राम्ररी नहुने भएको कारण आजभोलि नै पार्टी एकता हुन्छ भन्ने भाव सिर्जना गरिए पनि वास्तविकता त्यस्तो थिएन । ओलीसहित एमाले नेताहरुको जोडबल सरकार गठनतिर छ भने प्रचण्ड समूह पार्टी एकता अनि मात्र सरकार, त्यति नभए सरकार गठन र पार्टी एकताको प्रक्रिया एकसाथ चलाउने पक्षमा छ । एमाले समूह ओलीलाई प्रम बनाएर नियन्त्रित एकता प्रक्रिया सुरु गर्न चाहन्छ भने माके समूह सरकार गठनलाई च्याँखे थापेर एमालेबाट बढी फाइदा लिन चाहन्छ । त्यही स्वार्थ संघर्षको कारण एमाले र माकेका बीचमा रस्साकस्सी चलिरहेको छ ।

# विरोधी चिन्तनका विरुद्ध

– हेमन्तप्रकाश ओली 'सुदर्शन'

नेपाली श्रमजीवी तथा उत्पीडित जनताको अग्रदस्ता र विश्व कम्युनिस्ट आन्दोलनको एक टुकडी नेपाल कम्युनिस्ट पार्टीले दलाल संसदीय राज्यसत्ताद्वारा आयोजित कथित प्रतिनिधि र प्रदेशसभाको चुनाव खारेजी अभियान सशक्त रूपमा अघि बढाएको छ । यस अभियानलाई प्रभावकारी बनाउन सचेत कार्यकर्ता र जनमुदायका तर्फबाट विभिन्न स्वरूपका सङ्घर्षहरू भएका छन् । भित्तेलेखन, पर्चा वितरण, जनसभा, कोणसभामा समेत सरकारी हस्तक्षेप हुन थालेपछि जनताले सङ्घर्षको उचाइलाई मतदान केन्द्र कब्जा र राजनीतिक दलालहरूलाई लक्षित गरी बम विस्फोटसम्म पुऱ्याएका छन् । शोषण, दमन र आर्थिक भ्रष्टाचारमा चुर्लुम्म डुबेर मात्तिएका पुराना राजनीतिक दलालहरू र कम्युनिस्टका नाममा शोषण, दमन र आर्थिक भ्रष्टाचारमा सामेल भएका नवराजनीतिक दलालहरू पुरानै राजनीतिक सत्ता बचाउन र उनीहरूका साम्राज्यवादी प्रमुखहरूको सेवा गर्न यो चुनावमा नेपाली जनताको ढुकुटीबाट अर्बौं खर्च गर्दैछन् । 'जसको लट्ठी, उसको भैंसी' भनेझैं आफ्नो शक्ति भएका ठाउँमा ९९.६ प्रतिशत मत खसालिएको छ । एउटै व्यक्तिले ६० पटकसम्म मत हालेको तथ्य छ । एउटा मतका लागि १ लाख ५० हजारभन्दा बढी खर्च गरिएको छ । पैसा टाठाबाठाले मात्र पाउँछन् र ९५ प्रतिशत जनताले मत हाल्नुपर्ने बाध्यता छ । बन्दुकले मत खसाल्छ र पैसाले चुनाव जित्छ । जनताका तथाकथित प्रतिनधिका रूपमा अमेरिकी र भारतीय साम्राज्यवादी दलालहरू राज्यसत्तामा विराजमान हुन्छन् । उनीहरू जनसेवा होइन, जनशोषण गर्छन् र साम्राज्यवादको सेवा गर्छन् । यो संसदीय व्यवस्थामा गरिब जनताका छोराछोरी होइन, राजनीतिक दलालहरू, ठेकेदारहरू र शोषकहरू मात्र सत्तामा पुग्छन् । त्यसकारण यसका विरुद्ध भित्तेलेखन, पर्चा वितरण, पोस्टर प्रदर्शन, कोणसभा, जनसभा, बुथ कब्जा र बम विस्फोट वैकल्पिक राज्यसत्ता वैज्ञानिक समाजवादका लागि न्यायपूर्ण आवाजहरू हुन् । बहुसङ्ख्यक शोषित, उत्पीडित जनता यसका पक्षमा छन् । अल्पसङ्ख्यक दलालहरू, धोकेबाजहरू, पूर्वाग्रहपीडित र नियतवश नै निरपेक्ष आलोचनाका पेसेवरहरू विरोधमा उत्रिएका छन् ।

हाम्रो पार्टीले आफ्नो मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो भनी स्पष्ट गरेको छ। यो हाम्रो आधारभूत सिद्धान्त हो। जसरी मार्क्सवाद मार्क्सवाद-लेनिनवादमा र मार्क्सवाद-लेनिनवाद मार्क्सवाद-लेनिनवाद-माओवादमा विकास भएको छ, त्यसरी नै यसको थप विकास पनि आवश्यक छ भन्ने कुरा पार्टीले स्पष्ट पारिसकेको छ किनभने मार्क्सवाद-लेनिनवाद-माओवाद कुनै जडसूत्र होइन, बरु यसले आफ्नो समयको प्रकृति, मानवसमाज र मानवचिन्तनमा भएको विकासलाई प्रतिबिम्बित गर्नुपर्दछ । त्यसैगरी आजको परिस्थितिमा क्रान्ति सम्पन्न गर्न सक्ने कम्युनिस्ट पार्टी, क्रान्तिकारी सेना, क्रान्तिकारी संयुक्त मोर्चा विकास गर्ने नयाँ कार्यदिशा, एकीकृत जनक्रान्ति र जनक्रान्तिद्वारा समानान्तर सत्ता निर्माण गर्दै वैज्ञानिक समाजवादी राज्यसत्ता निर्माण गर्दै वैज्ञानिक समाजवादी राज्यसत्ता निर्माण गर्ने लक्ष्य राखिएको छ । यति स्पष्ट कार्यदिशा र कार्यक्रमको शृङ्खला हुँदाहुँदै पनि कतिपय लाल बुझक्कडहरूले यसप्रति पूर्वाग्रहपूर्ण बकबास गरिरहेका छन् । श्री ऋषिराज बराल र उनीद्वारा सञ्चालित 'जनमेल' द्वारा यो वकवासमा अग्रणी भूमिका खेलिएको छ । कतिसम्म भने जनमेलद्वारा हाम्रो पार्टीको चुनाव खारेजी अभियानविरुद्ध आएका प्रतिक्रियावादी वकवासहरू पनि बाँडिएको छ। जनमेलले कैयौं पठनीय सामग्रीहरू पनि पस्किरहेको छ । शास्त्रीय कुरामा सकारात्मक सामग्री पस्किएपछि व्यावहारिक कुरामा पनि त्यही दृष्टिकोण हुनुपर्थ्यो। आलोचना पूर्वाग्रहग्रस्त हुनुहुँदैन। पूर्वाग्रह भनेको बुर्जुवा चिन्तनको अभिव्यक्ति हो । जनमेलबाट नेकपाविरुद्ध समालोचना गर्नुपर्ने ठाउँमा निरपेक्ष आलोचना बेहोर्नुपर्दा सारै टर्रो अनुभूति भएको छ । प्रतिक्रियावादी कित्ताबाट आएका ' भाडाका अपराधीहरूद्वारा बम विस्फोट गराइएको', 'ज्वाला सिंह र गोइतमा पतन हुने', 'आतङ्ककारी समूहमा बदलिने' जस्ता सङ्गीन आरोप लगाइएका लेखादि 'जनमेल' बाट सेयर गरिनु कुनै पनि हालतमा मित्रवत् व्यवहार होइन । ऋषिराज स्वयम्ले लेखेका दुई लेखहरू 'माओवाद, फोकोवाद र विप्लवकारी अराजकता' र 'फेरि पनि भन्छु- मान्ने छैन विप्लववाद' मा निकृष्ट विषवमन गरिएको छ । यो टर्रो र तीतो हर्रोमा ऋषिराज सरले दाँत गाड्न बाध्य पारेका छन् ।

आफ्ना ती दुई लेखमा व्यक्त झुसिला डकार हरूमा यसप्रकारका शब्द र वाक्यांशहरू डकारिएको छ- 'सशस्त्र भँडुवा विकासवादी चिन्तन', 'सशस्त्र संशोधनवाद', 'विप्लववाद', 'निम्न-पुँजीवादी चिन्तन', 'क्रान्तिकारी उत्ताउलोपन', 'लम्पट सर्वहारावादी र निम्न पुँजीवादी विचारधाराको मेल', 'सैन्यवादी प्रवृत्ति', आक्रोश, असफलता, 'सत्तालालसाको हुटहुटी', 'चर्चामोह', 'मालेमावादी मूल्य-मान्यताविपरीत', 'जनविरोधीसँग साँठगाँठ गर्ने सम्भावना', 'क्रान्तिकारी राजनीतिक शृङ्खलासँग नजोडिएको उट्पट्याङ गतिविधि', 'अराजकतावादी', 'मनोगतवादी', 'फोकोवादी' इत्यादि ।

श्री बराल सरले क्रान्तिकारीहरूमाथि गर्ने अलोचना यस्तै हो त ? एकपटक सरले यी शब्दहरू गम्भीरतापूर्वक पढेर एउटा ठूलो ऐनामा आफ्नो अनुहार हेर्ने हो कि ? यी सबै आरोपले कुन वर्गलाई फाइदा हुन्छ ? स्वयम् सरले कुन वर्गआधारमा टेकेर यी आरोपहरू लगाएको हो ? यस्तो आरोप त हिजो जनयुद्ध विरोधीहरूले लगाउँथे र आज एकीकृत जनक्रान्तिका विरोधीहरूले लगाउँछन् । यसले अन्ततः प्रतिक्रान्तिकै सेवा हुन्छ ।

'सशस्त्र भँडुवा विकासवादी चिन्तन' को अर्थ के हो ? भँडुवा विकासवाद सुधारवादी राजनीतिको दर्शन हो । यसमा श्री बरालले यस पदावलीको पछिल्तिर सशस्त्र थपेका छन् । मालेमावादी सशस्त्र सङ्घर्ष कहिल्यै पनि भँडुवा विकासवादी चिन्तनमा आधारित हुन सक्तैन । हाम्रो सङ्घर्ष त अझ द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी चिन्तनमा आधारित छ । माथि नै भनिसकिएको छ- हामीले वैज्ञानिक समाजवादको लक्ष्यसहित एकीकृत जनक्रान्तिको प्रक्रिया अघि बढाएका छौं । एकीकृत जनक्रान्ति त सैद्धान्तिक र राजनीतिक रूपले एउटा गुणात्मक छलाङ र क्रमभङ्ग हो । बराल सरले पुष्पकमललाई त्यसो भनेको भए एकदम सुहाउँदो पदावली हुन्थ्यो, जसले सशस्त्र सङ्घर्ष गरेर संसद्वादमै पुगे । क्रमशः विकासको बाटोमा पुगे अथवा पुँजीवादी बाटो तताए । कहिलेकहीँ कस्तो पनि हुन्छ भने आफू जुन चिन्तनमा डुबेको छ अरूलाई पनि त्यही दृष्टिले हेर्ने । आफू भँडुवा विकासवादी चिन्तनमा डुबेको बेला क्रान्तिकारीमाथि सशस्त्र पदावली थपेर बराल सरले रिस पोख्न 'सशस्त्र भँडुवा विकासवादी चिन्तनको आरोप लगाएको हो कि ? उनको चिन्तन संस्कृति कस्तो बनेको छ भने जहिले पनि क्रान्तिकारीहरूको विरोध गर्ने र आफूलाई मार्क्सवादी दोसल्लाभित्र राखेर सुधारवादी तथा अवसरवादीको सेवा गर्ने । अन्ततः उनी आफैं भँडुवा विकासवादी चिन्तनको राम्रो प्रतिनिधि हुन् । एउटा क्रान्तिकारीले क्रान्तिकारी गतिविधिको विरोध गर्दैन, बरु त्यसको सेवा गर्ने काम गर्दछ । क्रान्तिको विरोध गर्नु स्वयम् भँडुवा विकासवादको पक्षधर हुनु हो । उनले यही विषयसँग सम्बन्धित हाम्रो चुनाव खारेज अभियानलाई सशस्त्र संशोधनवाद भनेका छन् । पदावलीको प्रयोग गर्न बराल सरले जतिसुकै पढेको भए पनि सिकाउनुपर्ने भयो । संशोधनवाद कहिल्यै पनि सशस्त्र हुँदैन । संशोधनवाद भनेको त मार्क्सवादको तोडमोड हो । बर्नस्टिनदेखि देङ स्याओफेङसम्मका संशोधनवादीहरूले शान्तिपूर्ण संसद्वादको बाटो लिएका थिए । कतिसम्म भने प्लेखानोभले त सन् १९०५ को क्रान्तिमा लेनिनसँग 'हतियार उठाउन हुँदैनथ्यो' समेत भनेका छन् । क्रान्तिकारीहरूको विरोध गर्ने नियतका कारण बराल सर नै संशोधनवादका पक्षमा प्रस्ट देखिन थालेका छन् ।

उनले हामीलाई विप्लववादी भएको आरोप पनि लगाएका छन् । अन्नपूर्ण दैनिकमा उनले धेरै पहिले नै म विप्लववादी हुन्नँ भनेका थिए र 'अहिले फेरि पनि भन्दछु-मान्य छैन विप्लववाद' भनेका छन् । उनलाई कसैले पनि विप्लववादी हुन कर गरेको छैन र हुनु पनि राम्रो होइन तर यो विप्लववादी प्रवृत्तिलाई उनले हाम्रो पार्टीका महासचिवको नामसँग जोडेर गलतफहमी दिन खोजेका छन् । हाम्रो पार्टी महासचिवको नाम विप्लव हो न कि विप्लववादी । यो नाम पुरानो सत्ताका विरुद्ध विद्रोहका अर्थमा, पुरानो र खराब विचारधारा, विरासत, संस्कृति, आदत, चालचलनका विरुद्ध विद्रोह अनि त्यसको ठाउँमा नयाँ वैज्ञानिक विचारधारा, विरासत, संस्कृति, बानीबेहोरा र रीतिरिवाज स्थापित गर्ने अर्थमा स्थापित भएको छ । यसमा ख्'वाद' जोडिदिएपछि नकारात्मक अर्थ लाग्छ । अतः यस शब्दावलीमा 'वाद' थपेर श्री बरालजीले मान्दिनँ भन्नुको दोहोरो अर्थ छ । त्यो भनेको एकातिर राज्यसत्ताका विरुद्ध विप्लव गर्न हुँदैन भन्ने धारणा दिनु र अर्कोतिर त्यसमा 'वाद' थपेर सुनामलाई बदनाम गर्नु हो । विप्लवको नाम नै विकृत बनाएपछि पार्टीलाई समेत बदनाम गर्न सकिन्छ भन्ने नियत यसमा लुकेको छ । शब्दसँग खेल्नु 'बुद्धिजीवीहरू' को बुद्धिविलास हो । यो संशोधनवादको विशेषता पनि हो । विप्लवमा 'वाद' थपिएपछि जहाँ पनि निहुँ खोजेर हिँड्ने र जनताबाट अलग्गिएको पृथकतावादी विचार भन्ने अर्थ लाग्छ । यो प्रवृत्ति पनि ठ्याक्कै बराल सरको प्रवृत्तिसँग मिल्दछ । म विप्लववादी हुन्नँ भन्ने तर विप्लववादी बन्ने सुनिश्चितता उनमै देखिन्छ ।

उनको आरोप छ- नेकपामा निम्न पुँजीवादी चिन्तन पनि छ । अहिलेको दलाल संसदीय व्यवस्थाको चुनाव खारेज अभियानमा लाग्नुको कारण यसैको परिणाम हो भन्ने उनको दाबी छ । निम्न पुँजीवाद वास्तवमा व्यक्तिवाद, आत्मसुरक्षावाद र विप्लववादको पनि स्रोत हो । अथवा उल्लिखित प्रवृत्तिको आर्थिक आधार हो । एकीकृत जनक्रान्तिअन्तर्गत भएको चुनाव खारेजी अभियान हाम्रो पार्टीको एउटा कार्यक्रम हो जसले स्थानीय जनसत्ता निर्माण गर्दै वैज्ञानिक समाजवादतिरको बाटोमा अघि बढ्न जनतालाई मार्गदर्शन गरिरहेको छ । यसले व्यक्तिवाद व्यक्त गरेको त होइन होला । बम बोकेर सङ्घर्ष गर्नु आत्मसुरक्षावाद पनि होइन । जनतासहितको आन्दोलन कुनै विप्लववाद पनि होइन अनि कसरी नेकपालाई निम्न पुँजीवादी चिन्तन बोकेको पार्टी भन्न सकिन्छ । यसको विपरीत बराल सरमा नै निम्न पुँजीवादबाट पैदा भएको व्यक्तिवाद रहेको छ । निम्न पुँजीवादी चिन्तनको राम्रो नमुना पनि सर नै हो ।

लामो समयदेखि नेपालमा क्रान्तिकारी कम्युनिस्ट आन्दोलन चलिरहेको छ । आन्दोलन र क्रान्ति अघि बढिरहेको छ । यसमा कैयौं धोका र गद्दारी भएका

> g]kfn >dhLjL tyf pTkLl8t hgtfsf] cu|b:tf g]skfn]bnfn kF"hLjfbL ;+bLo Joj:yfsf]ljsNk j}1flgs ;dfhjfb xf]eGb} rgfj vf/]hL cleofg rnfPsf]df a/fnn]lg/Gt/ / hfgLa'´L ljifjdg u/]sf xg\. pgL hgo'4sf]k|qmofdf ;fdjh eP klg hgo'4s} lj?4df lyP . qmflGtsf/L / ;sf/fTds kIfsf] lj/f]w ug{tyf ;+zf]wgjfb / k|ltlqmofjfbsf lj?4 gafn]g' pgsf]ljz]ftf ag]sf]5 .

छन् । क्रान्ति र प्रतिक्रान्तिबाट शिक्षा लिँदै हामी एकीकृत जनक्रान्तिमा अघि बढिरहेका छौं । निश्चित रणनीति र कार्यनीतिका साथ हामी अघि बढिरहेका छौं । अनि यसलाई कसरी उत्ताउलोपन भन्न सकिन्छ ! अनि यो आन्दोलन कसरी लम्पट सर्वहारावादी र निम्न पुँजीवादी विचारधाराको मेल हुन सक्छ ? एउटा व्यवस्थित रणनीति र कार्यनीतिका साथ अघि बढिरहेको क्रान्तिलाई कसरी लम्पट सर्वहारावादी भन्न सकिन्छ ? यो त बराल सरमा रहेको हद दर्जाको दृष्टिदोष हो ।

श्री बराल हाम्रो पार्टीमाथि सैन्यवादी प्रवृत्ति रहेको आरोप लगाउन पनि पछि परेका छैनन् । सबैलाई थाहा छ- कम्युनिस्टहरू पुरानो सत्ता ध्वस्त पारेर जनसत्ता स्थापना गर्न चाहन्छन् । उत्पीडित वर्गले उत्पीडनका विरुद्ध लड्न, हतियार चलाउन र हतियार उठाउन सिक्दैन भने त्यो दासको व्यवहार गर्न लायक छ । बन्दुकको आडमा चलेको पुरानो सत्ताबाट मुक्ति प्राप्त गर्न बन्दुक उठाउनुको विकल्प छैन । मालेमावादले हामीलाई यही सिकाएको छ । श्री बरालले कुन आधारमा हामीलाई सैन्यवादी भनेका हुन् र उनी आफैं तर्क गर्छन्- नेकपाले तीन जादुगरी हतियार बनाएको छैन । तीन जादुगरी हतियार एउटा सेना निर्माण हो । क्रान्तिकारी सेनाको काम क्रान्ति गर्ने हो । क्रान्तिकारी अभ्यास गर्दा नै उनी सैन्यवाद हावी भएको देख्छन् भने साँच्चै क्रान्तिको दुन्दुभी बज्दा के भन्ने होलान् ? सैन्यवादी प्रवृत्ति तथा सैन्यवादको त हामी पनि विरोध गर्छौं । हाम्रो कहाँनेर सैन्यवादी प्रवृत्ति देखियो, त्यो भन्नुपऱ्यो नि ? बराल सर, यस्ता कुरा उठाउनुको अर्थ हुन्छ- कुनै प्रभुको सेवा गर्नु र क्रान्तिकारीहरूको खोइरो खन्नु । स्वयम् बराल क्रान्तिकारी हो भने त तथ्यहीन तर्क गरेर चर्चा मोहमा रमाउन जरुरी छैन । चर्चा मोह स्वयम् निम्न पुँजीवादी व्यक्तिवादको अभिव्यक्ति हो ।

अर्को ठाउँमा श्री बरालले नेकपाका क्रान्तिकारी गतिविधिलाई 'आक्रोश, असफलता, निराशा र कुण्ठाजन्य मानसिकताको व्यावहारिक प्रतिबिम्बन' भनेका छन् । तथ्य के छ भने दुस्मनप्रति आक्रोश नभईकन अथवा दुस्मनप्रति प्रेम भएर क्रान्तिकारीहरूले बन्दुक उठाउँदैनन् वा क्रान्ति गर्दैनन् । क्रान्तिकारीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा असफलता बेहोरेका छन् । त्यसबाट शिक्षा लिँदै नेकपाले एकीकृत जनक्रान्तिको कार्यदिशा विकास गरेको छ । अहिले भर्खरै विभिन्न अभियानमा हामी सफल नै छौं । जसले क्रान्तिका लागि पहलकदमी गर्छ, त्यही निराश र कुण्ठित हुनुपर्ने आवश्यकता छैन । क्रान्ति भनेकै निराशहरूका लागि आशाको बत्ती हो । सरले यो बत्तीमा तेल थप्ने काम गर्दा पो आफूमा नै निराशा र कुण्ठा रहेको छ भने त्यो छिट्टै हट्ला । होइन भने सर नै क्रान्तिको बत्ती बलेको देखेपछि ईर्ष्या र आक्रोशले जलेको बुझिन्छ ।

हामी माथि श्री बरालले सत्तालालसाको हुटहुटीको आरोप लगाएका छन् । क्रान्तिकारीहरू विद्यमान प्रतिक्रियावादी सत्ता ढालेर क्रान्तिकारी सत्ता हासिल गर्न चाहन्छन् । यसमा दुईमत छैन । यहाँ बरालको चिन्तन यथास्थितिवादी रहेको छ । उनले एमाले-माके कोणबाट नेकपालाई हेरेका छन् । विद्यमान सत्तालालसाको हुटहुटीमा लाग्ने भए त वैज्ञानिक समाजवादमा जाने बाटो सोझ्याउनैपर्ने थिएन । यो वास्तवमा तथ्यहीन तर्क हो । क्रान्तिकारी आन्दोलनमा भ्रम पार्ने तर्क हो ।

उनले नेकपालाई 'मालेमावादी मूल्यमान्यता विपरीत' गएको आरोप लगाएका छन् । मालेमावादको मूल्यमान्यता भनेको दर्शनशास्त्रमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । यो दर्शन भनेको गतिशील दर्शन हो । आजको द्वन्द्ववादको विकास सापेक्षता र निरपेक्षताको सिद्धान्त एकीकरणमा भएको छ। आजको भौतिकवाद भनेको उत्पादक शक्तिमा विज्ञान र प्रविधि जोडिएको र उत्पादन सम्बन्धमा उत्तर-साम्राज्यवादी केन्द्रीकरण भएको अर्थशास्त्र हो । त्यसकारण दर्शनशास्त्रको विकास पनि आवश्यक छ भन्नेमा हामी पुगेका छौं । त्यसैगरी वैज्ञानिक समाजवादमा वर्गसङ्घर्षलाई सशस्त्र सङ्घर्षमा नउठाई श्रमजीवी तथा उत्पीडित वर्गको मुक्ति हुन सक्दैन । यसरी प्राप्त मुक्तिलाई साम्यवादमा लैजान सर्वहारा अधिनायकत्व आवश्यक छ । प्रतिक्रान्तिलाई रोकेर समाजवादमा पुग्न सर्वहारा अधिनायकत्वअन्तर्गत महान् सर्वहारा सांस्कृतिक क्रान्ति (निरन्तर क्रान्ति) आवश्यक छ । उत्तर-साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूबीचको अन्तरविरोध विश्वको प्रधान अन्तरविरोध हो भने दलाल पुँजीवाद र नेपाली श्रमिक तथा उत्पीडित जनताबीचको अन्तरविरोध घरेलु प्रधान अन्तरविरोध हो । तीन जादुगरी हतियारलाई सरले भनेभन्दा नयाँ परिस्थितिको सामना गर्ने गरी विकास गर्नुपर्छ । दलाल पुँजीवादका विरुद्ध हाम्रो वर्गसङ्घर्ष जारी छ । हामीले विश्व कम्युनिस्ट आन्दोलन र नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासको समीक्षासहित स्टालिन र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको रक्षा गरेका छौं । राष्ट्रियताको समस्या अन्ततः वर्गसङ्घर्षबाटै समाधान हुन्छ भनेका छौं । लेनिनको सशस्त्र विद्रोह र माओको दीर्घकालीन जनयुद्धको कार्यदिशालाई एकीकृत जनक्रान्तिमा विकास गरेका छौं । यसको उद्देश्य वैज्ञानिक समाजवाद भनी स्पष्ट घोषणा गरेका छौं । आखिर सरलाई कुनचाहिँ मूल्यमान्यता चाहिएको हो । मालेमावादी मूल्यमान्यता कसैको चाहनाअनुसार त हुँदैन ।

बराल सर कस्तो भविष्य वक्ता भए भने उनले नेकपाले 'जनविरोधीसँग साँठगाँठ गर्ने सम्भावना' भनेर भविष्यवाणी गरेका छन् । उनीजस्तै मार्क्स-एङ्गेल्सको पालामा डा. युजेन ड्युहरिङ थिए जसको बारेमा एङ्गेल्सले ड्युहरिङ मतखण्डन जस्तो मार्क्सवादी ग्रन्थ रचना गरेका थिए । हाम्रो ड्युहरिङ पनि 'भविष्यदर्शी भएका छन् । हामीले भनेका छौं- किसान, मजदुर, सिपाही, मध्यमवर्ग, राष्ट्रिय पुँजीपति वर्ग र देशभक्तहरू हाम्रो क्रान्तिका मित्रहरू हुन् । दलाल पुँजीपति, भ्रष्ट नोकरशाह र सामन्तवादी अवशेषहरू हाम्रो क्रान्तिका सत्रु हुन् । क्रान्तिमा कहिलेकाहीँ प्रमुख दुस्मनसँग लड्दा सहायकसँग संयुक्त मोर्चा हुन सक्छ भन्ने कुरा इतिहाससिद्ध छ । हामी यति स्पष्ट हुँदाहुँदै पनि उनले कुनचाहिँ जनविरोधीसँग साँठगाँठ हुने सम्भावना देखेका हुन् ? यसको जबाफ कुनै दिन बराल सरको जनमेलमा आउने नै छ । एकीकृत जनक्रान्तिको अभ्यास र दलाल संसदीय चुनाव खारेज अभियानलाई उनले 'क्रान्तिकारी राजनीतिक शृङ्खलासँग नजोडिएको उट्पट्याङ गतिविधि' भनेका छन् । हाम्रो क्रान्तिकारी राजनीतिक शृङ्खला के हो भन्ने कुरा माथि भनिसकेका छौं । बिनाउद्देश्य मनपरी र सनकको भरमा गरिने क्रियाकलापलाई उट्पट्याङ गतिविधि भन्न सकिएला । उद्देश्यसहित योजनाबद्ध कार्यक्रम र कारबाहीहरूलाई उट्पट्याङ गतिविधि भन्ने मानिसकै दिमाग कति ठीक ठाउँमा छ र दृष्टिमा कति दृष्टिदोष छ भन्ने कुरा धेरै विचारणीय छ । सनकका भरमा कसैलाई दोष लगाउनु धेरै अत्मघाती हुन्छ । यो कुरा सरलाई गहिरोसँग चेतना हुनुपर्ने हो ।

हाम्रो पार्टीमाथि श्री बरालले अराजकतावादी, मनोगतवादी, फोकोवादी भएको आरोप लगाएका छन् । राज्यसत्ता नै आवश्यक छैन र कुनै सङ्गठनात्मक अनुशासन पनि मान्दिनँ भन्ने प्रवृत्तिको नाम अराजकतावाद हो । पुरानो राज्यसत्ता ढालेर श्रमिक तथा उत्पीडित वर्गको नयाँ राज्यसत्ता निर्माण गर्न चाहनेलाई अराजकतावादी भनिएको हो भने बराल सर पुरानो सत्ताको ताबेदार सावित हुन्छन् । सङ्गठनात्मक रूपले हामी हाम्रो पार्टीको विधान र अनुशासनअनुरूप नै अघि बढिरहेका छौं । बरु कुनै सङ्गठनात्मक अनुशासनमा रहन नचाहने र स्वच्छन्दतावादी वकवास गर्ने बराल प्रवृत्ति नै अराजकतावादको नमुना हो भन्दा ठीक होला भन्ने देखिन्छ ।

मनोगतवादी हुनु भनेको वस्तुगत परिस्थिति नबुझीकन मनोगत ढङ्गले अघि बढ्ने प्रवृत्ति हो । हाम्रो पार्टीले वस्तुगत परिस्थितिअनुसार नै आत्मगत योजना बनाएको छ । मनोगत र वस्तुगत योजनाको द्वन्द्वात्मक प्रक्रियामा हामी काम-कारबाहीमा अघि बढेको हुनाले नै व्यापक जनताको सहयोग र समर्थन पाइरहेको छ । यसका साथै, सङ्गठन पनि सुदृढ र विस्तार हुँदै गएको छ । मनोगत इच्छानुसार वस्तुगत परिस्थितिले मिलेन भने त उल्टो परिणाम आइहाल्छ । बरु बराल सरको नेकपालाई हेर्ने दृष्टिकोण नै मनोगतवादी हो कि ? गहिरोसँग विचार गर्नुपऱ्यो । ठोस वस्तुको ठोस विश्लेषण गर्नुपऱ्यो । लेनिनलाई मनोगतवादी ठान्ने विद्वान् दार्शनिक प्लेखानोभ स्वयम् मनोगतवादी भएका थिएनन् र ?

फोकोवाद भनेको चे ग्वेभाराको क्रियाकलापलाई रेजिस डेब्रेले गरेको संश्लेषण हो । यो केही वीरहरूको क्रान्ति गर्ने तरिका हो । एउटा क्रान्तिकारी झुण्डले क्रान्तिबारे जनतालाई शिक्षित नगरीकन क्रान्ति सुरू गरेपछि जनता आफैं त्यो झुण्ड वरिपरि आइरहन्छन् भन्ने मान्यताको नाम नै फोकोवाद हो ।

यो कुरा इतिहासमा ब्लाङ्की र रुसमा नारोदनिकहरूमा पनि देखिन्छ । चे ग्वेभाराको क्रियाकलापले रेजिस डेब्रे प्रभावित भएपछि यसको सैद्धान्तीकरण भएको हो । दुनियाँलाई थाहा छ हामीले विशाल जनसभामा, आफ्ना घोषणा र पर्चाहरूमा अनि लेखादिमा व्यापक जनताले सुन्नेगरी एकीकृत क्रान्ति गरेर वैज्ञानिक समाजवादी व्यवस्था ल्याउने हो भनेर स्पष्ट भनिसकेका छौं । जनताको घरदैलोमा पुगेर पनि यो कुरा स्पष्ट पारिरहेका छौं । जसलाई क्रान्ति गर्नु छैन, जो फोको पनि होइन, एक्लै क्रान्तिको गला रेट्न उभिएको छ, त्यसले हामीलाई फोकोवादी भनेर आरोप लगाउन कत्तिको सुहाउँछ ? काम नगर्नेलाई अनावश्यक गलफत्ती गरेर हिँड्ने अधिकार पनि छैन ।

हुँदाहुँदै त उनलाई खुच्चिङ पर्ने प्रतिक्रियावादी कुराहरू पनि जनमेलबाट बाँड्न थालियो । ' भाडाका अपराधीहरूद्वारा बम विस्फोट गराएको', ' ज्वाला सिंह र गोइतमा पतन हुने', 'आतङ्ककारी समूहमा बदलिने' जस्ता विषवमन पनि सेयर गरियो । प्रतिक्रियावादी राज्यसत्ताविरुद्ध विस्फोट हुने प्रत्येक बम प्रतिक्रियावादी र संशोधनवादीका लागि चिहान हो भने जनताका लागि जोसिलो आशावादी सङ्गीत हो । यो कुनै खेलबाड होइन, यो जनताको न्यायप्रिय आवजको विस्तारित रूप हो । शान्तिपूर्ण ढङ्गले शोषित-उत्पीडित जनताको आवज शासकहरूले सुन्दैनन् । पार्टीले चलाएको अभियानमा दलाल संसदीय व्यवस्थाविरुद्ध बम जनताको समर्थन हो । बराल सरले देखाउनुपऱ्यो कुनचाहिँ भाडाको अपराधीले कहाँनेर बम पड्कायो ? किनभने यसमा समर्थन भएर नै आफ्नो 'जनमेल' बाट सेयर गरिएको होला । यति मात्र हो र ? उनले हामीलाई त गोइत र ज्वालासिंहमा पतन हुने र आतङ्ककारी समूहमा बदलिनेसमेत भन्न भ्याए । यो सबै कुराले श्री बराललाई प्रतिक्रियावादको पक्षपोषणमा, दलाल संसदीय व्यवस्थाको पक्षपोषणमा उभ्याइदिएको छ ।

अन्ततः नेपाली श्रमजीवी तथा उत्पीडित जनताको अग्रदस्ता नेकपाले दलाल पुँजीवादी संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद हो भन्दै चुनाव खारेजी अभियान चलाएकोमा बरालले निरन्तर र जानीबुझी विषवमन गरेका हुन् । उनी जनयुद्धको प्रक्रियामा सामेल भए पनि जनयुद्धकै विरुद्धमा थिए । क्रान्तिकारी र सकारात्मक पक्षको विरोध गर्नु तथा संशोधनवाद र प्रतिक्रियावादका विरुद्ध नबोल्नु उनको विशेषता बनेको छ । उनको क्रियाकलापले अन्ततः प्रतिक्रियावाद र संशोधनवादलाई मलजल गर्ने कुरा स्पष्ट छ । अब उनी डा. ऋषिराज बराल मात्र होइनन् । बरु बराल प्रवृत्तिका रूपमा उभिएका छन् ।

वर्ष ३, अङ्क २७, पूर्णाङ्क १२२
रातो खबर साप्ताहिक

# स्टालिनबारे

'स्टालिनबारे' नाउँको यो सानो पुस्तिका स्टालिनको जीवनीको ठेलीभन्दा महत्वको छ किनभने स्टालिनको जीवनी सरसर्ती पढेर हामीले कुनचाहिँ कुरा बढी महत्वको छ भन्ने थाहा पाउन त्यति सजिलै सक्दैन। यस पुस्तिकामा स्टालिनका कुन कुन कामहरू महत्वका छन् भन्ने कुरा छर्लङ्ग पारिएको छ।

कार्ल मार्क्सले आफ्नो परिवार र जीवन अर्पेर सिद्धान्तको खोजी गरे। लेनिनले विकास गरेर तत्कालीन समाजलाई बाटो देखाएर र क्रान्तिलाई सफलतामा पुऱ्याए भने स्टालिनले समाजवादलाई व्यवहारमा लागू गरेर देखाए र आफ्नो जीवनभर त्यसलाई रक्षा गरेर राखेका थिए। स्टालिनको मृत्युपछि सोभियत संघ र माओ त्से तुङको मृत्युपछि चीनमा मुकुण्डो भिरेका धोकेबाजहरूले जनतालाई धोका दिएर समाजवादी समाज व्यवस्थालाई चकनाचुर पारेर बिगारेका छन्। धोकेबाजहरूको कुकृत्यले गर्दा आज सोभियत संघ र चीनका जनताले दुःख पाएका छन् र नराम्रो स्थिति भोगिरहेका छन्। प्रतिक्रियावादीहरू सिद्धान्तदेखि त्यति डर उँदैनन्। व्यवहारदेखि एकदमै डराउँछन्। स्टालिनको समाजवादी व्यवहारलाई बिगार्न उनीहरूले अनेक षड्यन्त्र गरे, जासुसहरू लगाए, हिटलरजस्तो फासिस्टलाई सोभियत संघमाथि आक्रमण गर्न लगाए तर समाजका सच्चा पुरुष, लौह पुरुष स्टालिनलाई परास्त गर्न सकेन। बरु सम्पूर्ण साम्राज्यवादहरूले स्टालिनको अगाडि घुँडा टेक्नुपऱ्यो। त्यसैले जसरी हात्ती देखेर कुकुर भुक्छ। त्यसैगरी साम्राज्यवादीहरू स्टालिनलाई गाली गर्ने गर्दछन्।



हिटलरलाई हौस्याएर १४ वटा साम्राज्यवादी देशहरूले एकैचोटी सोभियत संघमाथि आक्रमण गरी लाखौंलाख सोभियत जनताको हत्या गरेका र पाकिराखेको सम्पूर्ण बालीनालीमा आगो लगाउँदै अगाडि बढेका थिए। त्यसबेला स्टालिनको वीरत्वपूर्ण नेतृत्वमा सोभियत जनताले अपार सफलता प्राप्त गरेर सम्पूर्ण साम्राज्यवादी शक्तिहरूलाई जर्मनीमा घुँडा टेकाएर हार स्वीकार गर्न लगाएका थिए। यसरी लुते कुकुरले झैं हार्नुपरेकाले साम्राज्यवादीहरू स्टालिनलाई गाली गर्ने गर्दछन्।

आज विश्वमा जति पनि घटनाहरू थपिँदै जाँदैछन्, त्यति नै स्टालिनको कामको महत्व बढ्दो छ। थाहा भएका दुश्मन जतिलाई परास्त गर्नुपर्छ र कतै मौका दिनुहुँदैन भन्ने कुरा सत्य सावित हुँदै जाँदैछ। सोभियत संघमा पार्टीभित्र लुकिबसेका दुश्मनलाई थाहा पाउन नसकेर धोका भयो र समाजवादी व्यवस्थामा आँच आयो भने चीनमा 'उदारवादको विरोध गर' भन्ने महान् गुरु माओ त्से तुङ आफैं चाउ एन लाईको सिफारिसमा देङ सियाओ फङप्रति उदार भइदिनु भएर चीनको राज्यसत्तामा दुश्मनहरूले कब्जा गर्न सकेका छन्। सोभियत संघ र चीनको घटनाले स्टालिन र स्टालिनका कामहरू बढी सही सावित हुन आएका छन्।

आज संसारका जनताका दुश्मनहरू जसरी प्रस्तुत भएका छन्, त्यसलाई हेर्दा यसबेला अर्को स्टालिनको आवश्यकता महसुस गरिएको जस्तो लाग्छ। समयको खाँचो परिपूर्ति गर्न संघर्षमा जनताले नेता तयार पार्छ। आजको संसारमा बचेखुचेका सामन्तहरू पुँजीवादी र साम्राज्यवादीहरूसँग निरन्तर संघर्षका निम्ति स्टालिनजस्ता नेताको ठूलो महत्व छ।

स्टालिन संसारका श्रमजीवी जनता, आफ्नो कमाई आफैं गरिखाने जनताका सच्चा साथी हुन्। उनको काम र देनले यो कुरालाई प्रष्ट पारेको छ।

*(सन् १९६३ सेप्टेम्बर १३ मा जनदैनिक र रातो झन्डामा प्रकाशित '**स्टालिनबारे**' पुस्तकको नेपाली अनुवाद २०२८ को अनुवादकीय, **अनुवादक : मदनमोहन जोशी**)*

## सलाम महान् ...

लेनिनलाई अनावश्यक सूचना सम्प्रेषण गर्नुभएको थियो। दोस्रो, प्रतिकूल स्वास्थ्यका कारण लेनिनले आफैंले समग्र वस्तुगत अवस्थाको अध्ययन र मनन गर्न सक्नुभएन। लेनिनले आफ्नो बफादार सहयोद्धा र नेतामाथि अन्याय गरेको देखिन्छ। जिनोनेव र कामेनेव जर्मनका जासुस थिए।

त्यो दमन अभियानपछि स्टालिनमाथिको हमला बन्द भयो। ख्रुस्चेभले, 'स्टालिन हाम्रा पितासरह हुन्। स्टालिनका विरुद्ध बोल्नु सोभियत सत्ताविरुद्ध बोल्नु हो' भनेको थियो। पार्टीभित्रको सङ्घर्षलाई निष्कर्षमा पुऱ्याएर मात्र हिटलरका विरुद्ध संयुक्त मोर्चाको प्रस्ताव स्टालिनले सार्वजनिक गर्नुभयो। लेनिनवाद लागू गर्ने कार्य लेनिनले होइन, कमरेड स्टालिनले गर्नुभएको हो। स्टालिन लेनिनवादका व्याख्याता र प्रयोगकर्ता हुनुहुन्छ।

भर्खरै अनिलजीले भन्नुभएजस्तै २०५७ सालमै स्टालिनमाथि हमला सुरु भएको थियो। स्टालिनमाथिको हमला हिटलरको समर्थन हो। नरेन्द्र मोदी दक्षिणएसियाको हिटलर हो। मोदीको पहलमा सदनमा ताली बजाउने प्रचण्ड-बाबुरामले हिटलरका विरुद्ध लड्न सक्छन्? मोदीका दलालहरूले आजको हिटलरलाई पराजित गर्न सम्भव छैन। ज्ञानेन्द्र शाह र राजनाथ सिंहको थाइल्यान्डमा वार्ता के हो? मोदी नाति राजा ल्याउन चाहन्छ, ज्ञानेन्द्र आफ्नै लागि अनुनय गर्दैछ। यस्तो बेला हामीले स्टालिनबाट सिक्नुपर्छ।

भियतनाममा अमेरिका हारेपछि अन्यत्र क्रान्ति सफल भएको छैन। अमेरिकाले हारबाट सिक्यो। कम्युनिस्टहरूले जितबाट पनि सिकेनन्। सोभियत सङ्घको आन्तरिक कारबाहीमा साम्राज्यवाद र जिनोनेवहरू कारण थिए, स्टालिनको निर्णय परिणाम मात्र हो। हत्याको सुरुआत स्टालिनले होइन, प्रतिक्रान्तिकारीहरूले गरेका थिए। स्टालिनको कदम आत्मरक्षार्थ थियो। प्रतिक्रान्तिकारीले हत्याप्रयास लेनिनबाटै सुरु गरेका हुन्।

लिनप्याओले 'माओजत्तिको प्रतिभा जन्मन सय वर्ष लाग्छ र अरूका हजार शब्दभन्दा माओका एक शब्द बढी महत्वपूर्ण छ' भन्थ्यो। उसले माओलाई देवता बनाएर शक्तिमा चाहिँ आफू पुग्ने रणनीति बनाउँदै थियो। महान् प्रतिभा जन्मन सय वर्ष लाग्ने भए मार्क्स र एङ्गेल्स, स्टालिन र माओ एउटै शताब्दीमा कसरी जन्मिए त? माओका एक शब्द अरूका हजार शब्दभन्दा महत्वपूर्ण भए ऊ आफैं किन मान्दैन त? माओले प्रश्नहरू गर्न थाल्नुभयो। माओबाट आफ्नो स्वार्थ पूरा नहुने भएपछि हत्या षड्यन्त्र गरेको थियो। माओको हत्या प्रयासमा सोभियत सङ्घको नेतृत्व मुछिएको देखिन्छ। त्यसो नभएको भए लिनप्याओ रुसतिर शरण लिन भाग्ने थिएन होला।

मार्क्सवादका आधारभूत प्रश्नमा दृढ रहँदै मार्क्सवादको विकास गर्नुपर्छ। वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोग (दार्शनिक विमर्श) कै बीचमा विकास हुन्छ। छलफलदेखि छलफलले विकास सम्भव छैन। कुनै समय कडा मानिएको मेटासिट नामको विषादीले अहिले उडुस पनि मर्दैन। साम्राज्यवादले पनि मार्क्सवादका कयौँ पक्षहरू पचाउने प्रतिरोधी क्षमता विकास गरेको छ। त्यसैले नयाँ विकास नगरी विजय सम्भव छैन। माओले आफ्नो ९ औं खण्डको कृतिमा 'भारतका लोकतान्त्रिक नेताहरूभन्दा नेपालका राजाहरू प्रगतिशील छन्' भन्नुभएको छ। भारतीय स्वार्थअनुसार नचलेका कारण भारतले ज्ञानेन्द्रलाई ल्यायो। व्यापारीले राजनीति गर्न सम्भव थिएन, टिक्न सकेन। ज्ञानेन्द्रको पराजयमा भारतीय नेताहरूको पश्चगामी चिन्तन पनि जोडिएको छ।

माओले मात्रा र गुण, सापेक्षता, निरपेक्षता, निषेधको निषेधजस्ता कयौँ दार्शनिक प्रश्नहरूलाई सरलीकृत र विकास गर्नुभयो। अन्तरविरोधबारे कृति त्यसको साक्षी छ। आज उत्तरआधुनिकतावादबाट प्रभावित कतिपय युवाहरूले 'पदार्थको लोप भयो' भन्न थालेका छन्। पदार्थको लोप होइन, पदार्थ अदृश्य भएको हो। पदार्थको विच्छेद अनन्त छ। तरङ्ग आफैँमा पदार्थको सूक्ष्म रूप हो। माओले आफ्नै जीवनकालमा नयाँ जनवादी क्रान्ति, समाजवादी क्रान्ति र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको नेतृत्व गर्नुभयो।

स्टालिन एकजना महान् विचारक हुनुहुन्थ्यो। विचारक नभैकन कोही पनि महान् नेता बन्न सक्दैन। लेनिनवादका महान् व्याख्याता स्टालिन नै हुनुहुन्थ्यो। लेनिनवादका प्रयोगकर्ता पनि मुख्यतः स्टालिन नै हुनुभयो। ट्रट्स्कीले लेनिनवादको पक्षमा एउटा पनि अक्षर लेखेको छैन। ट्रट्स्कीप्रति नरम र स्टालिनप्रति कटुता प्रकट गर्नेहरू लेनिनवादकै विरोधी हुन्।

(२०७२ पुस २ गते काठमाडौँको एक कार्यक्रममा व्यक्त विचारको सम्पादित अंश। यसको शीर्षक हामीले दिएका हौं। -रातो खबर)

# दलाल पुँजीवादी राज्यसत्ता र नेपाली क्रान्ति

**करनसिंह बडाल**



वर्तमान नेपालको परिबेशमा आज राज्यसत्ताको बहस फेरि सतहमा आउन थालेको छ। समान्यतया यसका बारेमा स्पष्ट बुझाइ सीमित बौद्धिक तप्का तथा राजनीतिक दलका सीमित नेतामा रहेको छ। राज्यसत्तालाई अहिले पनि जनताले बुझ्न सकेका छैनन, यथास्थितिवादी शक्तिहरूले राज्यसत्ता भनेको सरकारमा सहभागी हुनु तथा निर्माण गर्नु हो भनी प्रचार प्रसार गर्दै आएका छन्। यसले के देखाउँछ भने संसद्वादी तथा यथास्थितिवादी शक्तिहरू कुनै न कुनै रूपमा दलाल पुजीँवादका चंगुलमा फसिसकेका छन् त्यसकाण उनीहरू त्यो घेराभन्दा चाहेर पनि बाहिर आउन सक्दैनन्। अन्ततः जनतालाई भ्रम पार्न उनीहरू आफ्नो नाभीदेखिको बल लगाउन उद्यत रहेको छन् तर क्रान्तिकारी पार्टीहरूले पनि त्यो भ्रमको चिरफार गर्न सकेका छैनन। यसका चरित्र, अंग र यसको उत्पत्तिबारेमा जनतालाइ प्रशिक्षित गर्नु भने जरुरी छ।

सर्वप्रथम राज्यसत्ता भनेको के हो? यसको उत्पत्ति कसरी भयो? यसका प्रमुख अंगहरू के के हुन्? यो बुझ्नु जरुरी छ। यो विषयमा मध्ययुगसम्म शासकहरूले जनतालाई राज्यसत्ता भनेको दैवीको अवतार हो भनेर भ्रममा राखेका थिए। नेपालमै पनि हिन्दु परम्पराअनुसार राजालाई बिष्णुको अवतार मानिन्थ्यो। राज्यसत्ताको विरुद्धमा बोल्नु अपराध ठानिन्थ्यो र त्यही मान्यतामा टेकेर त्यसका विरुद्धमा बोल्नेहरूलाई कारवाही गरिन्थ्यो।

राज्यसत्ताको विरुद्धमा बोलेको भन्दै बेलायतको तत्कालीन बुर्जुवा राज्यसत्ताले काल्पनिक समाजवादी थोमस मुरको सन् १५३५ मा टाउको काटेर हत्या गरियो। त्यस्तै, उनको हत्यापछि युरोपमा विद्यमान राज्यसत्ताको विकल्प खोज्न थालियो, औद्योगिक क्रान्तिसँगै सर्वहारा जनताको चेतनामा व्यापक फेरबदल आयो। सर्वप्रथम राज्यसत्तालाई वैज्ञानिक तरिकाले महान् दार्शनिक कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले गरेका थिए। मार्क्स-एंगेल्सले राज्यसत्ताको व्याख्या गर्दै भनेका छन्ः

"राज्यसत्ता सत्ताधारी वर्गका मानिसहरूले आफ्ना साझा हितहरू प्रयोग गर्ने एउटा यस्तो रूप हो, जसमा एउटा नागरिक समाज स्पष्टताका साथ देखापर्छ। त्यस हिसाबले सबै सामाजिक संस्था निर्माणमा राज्यले मध्यस्थता गर्दछ र ती संस्थाहरूले राजनीतिक रूप लिन्छन्। यसरी के भ्रम पर्छ भने कानुन वास्तविक आफ्नो इच्छाबाट स्वतन्त्रतामा आधारित छ। न्यायलाई कानुनको तहमा त्यसरी नै संकुचित गरिन्छ।"

सामान्यतया बुर्जुवाहरूले राज्यको निर्माण स्वतन्त्र रूपमा भएको भनेर प्रचार प्रसार गर्छन् तर त्यसको खण्डन गर्दै कार्ल मार्क्सले राज्यको निर्माण नागरिक समाजले गर्ने बताएका थिए। त्यही क्रममा मार्क्सले भनेका छन्।

"नागरिक समाजको निर्माण राज्यले गर्ने होइन कि नागरिक समाजले राज्यको निर्माण गरेको हुन्छ।"

यसरी मार्क्सको भनाइबाट के प्रस्ट हुन्छ भने जनतालाई शासकवर्गले बाहिर कानुनको कुरा गर्छन् तर भित्र आफ्नो स्वार्थअनुकूल कानुनको निर्माण गरेर सर्वहारावर्गमाथि वैधानिक दमनको हतियार तयार पारेका हुन्छन्। राज्य र शासकवर्गले आफ्ना कर्तुत लुकाउन, अपराधलाई वैधानिकता दिन कानुनको निर्माण गरेको हुन्छ। यसको अर्थात् यथास्थितिवादी राज्यसत्ताको चरित्रको ज्वलन्त उदाहरण बालकृष्ण ढुंगेलको गिरफ्तारीलाइ लिन सकिन्छ। मार्क्सको भनाइबाट के प्रस्ट हुन आउँछ भने राज्यसत्ताको वैधानिकता विशेषवर्गको नियन्त्रणमा हुने गर्दछ, त्यसको निर्माण गर्न त्यो विशेषवर्गले आफ्नो अनुकूलता हुनेगरी भूमिका खेल्ने गर्दछ। उदाहरणका लागि जनयुद्ध तत्कालीन सामन्तवादी राज्यसत्ता र त्यसको आर्थिक आधारको रूपमा महत्वपूर्ण भूमिका खेल्दै आएको दलाल पुँजीवादका विरुद्ध थियो। जनयुद्धले उठान गरेका मागहरूको संस्थागत गर्न जनताले चुनेको पहिलो संविधानसभालाई षड्यन्त्रपूर्वक तुहाइयो र कथित दोस्रो संविधानसभाबाट दलाल पुँजीवाद अनुकूलको संविधान जारी गरियो।

त्यस्तै, राज्यसत्ताको थप व्याख्या गर्दै एंगेल्स भन्नुहुन्छ, "राज्यसत्ताको मुख्य उद्देश्य बुर्जुवा वा पुँजीपतिवर्गले अल्पसंख्यक सर्वहारा तथा श्रमजीवी वर्गमाथिको आर्थिक उत्पीडनलाई सशस्त्र शक्तिद्वारा स्थापित गर्नु हो।"

वर्गको प्रतिपक्षतालाई आफ्नो वशमा ल्याउने उद्देश्यले गर्दा राज्यको उत्पत्ति भएको हुनाले राज्य स्वभावतः सबैभन्दा शक्तिशाली र आर्थिक रूपले प्रभुत्वशाली वर्गको राज्य बन्दछ, जुन वर्ग राज्यको राज्यको सहायताबाट शक्तिशाली वर्ग बन्दछ र उत्पीडित वर्गलाई दमन र शोषण गर्ने साधन प्राप्त गर्दछ।

राज्यसत्ताको चरित्र यसका मुख्य विशेषतालाई सचित्र व्याख्या गरी सर्वहारावर्गको अधिनायकत्व स्थापनाको लागि सशस्त्र क्रान्तिको अनिवार्यता औंल्याउने काम महान् दार्शनिक तथा अक्टोबर क्रान्तिका नायक भ्लादमिर इलिच लेनिनले गरे। यद्यपि उनले खुलस्त गरेको राज्यसत्ताको चरित्रको सार भने फ्रेडरिक एंगेल्सको परिवार निजी स्वामित्व र राज्यको उत्पत्तिको उद्धरणबाट सुरु हुन्छ। लेनिनले आफ्नो विश्वप्रसिद्ध कृति 'राज्य र क्रान्ति' मा भनेका छन्।

एंगेल्सले राज्य भनिने त्यो शक्तिको अवधारणामा प्रकाश पारेका छन्, जुन समाजबाटै उत्पन्न भयो, आफूलाई समाजभन्दा माथि राख्यो अनि समाजबाट बढीभन्दा बढी अलग पार्दै जाने शक्ति हो। यो शक्ति कुन कुरामा निहित छ त? यस्तै उनी अगाडि भन्छन्- त्यो शक्ति जेलखाना आदिलाई नियन्त्रणमा राख्ने सशस्त्र मानिसहरूको विशेष निकायमा आधारित छ। राज्यसत्ताका स्थायी साधन सेना र पुलिस हुन्।

अब हामी स्पष्ट हुन जरुरी छ कि कुनै पनि क्रान्ति शान्तिपूर्ण तरिकाले वा स्वस्फूर्त तरिकाले सम्पन्न गर्न संभव छ? अवश्य पनि त्यो सम्भव छैन। कारण त्यो यथास्थितिवादी राज्यसत्ता सशस्त्र मानिसहरूको भरमा टिकेको छ। राज्यको मुख्य वा स्थायी साधन सशस्त्र मानिस हुन्। लेनिनले स्पष्ट पारिसकेका छन् अब प्रश्न उठ्छ, यसलाई ध्वस्त पारेर सर्वहारा अधिनायकत्व स्थापना गर्न निःशस्त्र मानिसहरू योग्य छन? त्यसको जवाफ दिँदै महान् नेता तथा दार्शनिक माओ त्से तुङ्ग भन्नुहुन्छ- बन्दुकको नालमा टिकेको राज्यसत्तालाई बन्दुकले नै ढाल्नुपर्दछ। त्यो कसरी संभव हुन्छ त? त्यसको जवाफ खोज्न माओ त्से तुङ्गले भनेको तीन जादुगरी हतियारमा पुग्नु जरुरी छ। क्रान्तिकारी पार्टी, क्रान्तिकारी सेना र हतियार।

राज्यसत्ता समाजबाट उत्पन्न वा उत्पत्ति भयो, जो सधैँ समाजबाट टाढिँदै गयो, त्यो आफ्नै निरङ्कुश र बलजफ्ती चरित्रका कारण समाजबाट एकलिँदै जान्छ। अर्को ठाउँमा राज्यको बारेमा लेनिन भन्नुहुन्छ- "राज्य भनेको शासकवर्गका हातमा रहेको बलजफती यन्त्र हो, जो आफ्ना विरोधीहरूलाई दमन गर्नका लागि निर्माण गरिएको हुन्छ।"

अब लेनिनको यही भनाइको पुष्टि गर्न स्थानीय निर्वाचन र प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा सरकारले गरेको व्यापक दमन, धरपकड र सेना परिचालनलाई लिन सकिन्छ। राज्यको अन्तिम शक्ति भनेको सेना हो। संकटकालीन आवस्थामा मात्र सेना परिचालन गरिन्छ। त्यो संकटकालीन अवस्था भनेको प्राकृतिक प्रकोपजस्तै बाढी, पहिरो, कुनै जटिल महामारी इत्यादि पर्छन्। त्यस्तै, देशमाथि गम्भीर अन्तर्राष्ट्रिय वा राष्ट्रिय आक्रमण भएमा सेना परिचालन गरिन्छ तर समान्य अवस्थामा जनतालाई सत्ताको अस्तित्वको उपस्थितिका लागि राज्यको अन्तिम शक्ति परिचालन गरिएको छ। त्यो नै जनताबाट टाढिने राज्यको चरित्र हो। यदि निरपेक्षरूपमा जनताबाट राज्य अलगिँदै जान्छ भने त्यस्तो राज्यलाई सशस्त्र क्रान्तिमार्फत् ध्वस्त पारेर श्रमजीवीवर्ग तथा सर्वहारावर्गले नयाँ राज्यको स्थापना गर्नुपर्ने लेनिनले बताएका छन्।

राज्यसत्ताले सधैँ यथास्थितिवादी व्यवस्थाको पक्षपोषण गर्ने गर्दछ। हामीले माथि भन्यौँ राज्यसत्ताले यथास्थिति व्यवस्थाको रक्षा गरेको हुन्छ तर कसरी? सबभन्दा पहिला राज्यसत्ताका अंगहरू के के हुन्? त्यो बुझ्नु जरुरी छ। सामान्यतया राज्यसत्ताको मुख्य आधार सेना र पुलिस हुन्छ भनेर लेनिनको उद्धरणबाट बुझ्न सकिन्छ तर त्यति संरचनाले मात्रै राज्यसत्ता टिक्न संभव हुँदैन। राज्यसत्ताका मुख्य ५ वटा अंग हुने गर्दछन्।

१) व्यवस्थापिका
२) कार्यपालिका अर्थात् सरकार
३) न्यायपालिका अर्थात् अदालत
४) सरकारी कर्मचारी वा नोकरशाही
५) सशस्त्र समूह जसमा सेना, प्रहरी पर्दछन्।

एंगेल्सले आफ्नो कृति 'परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति' मा राज्यको विशेषता, उत्पत्ति र यसका आवश्यकताबारेमा लामो व्याख्या गरेका छन्।

"जब गोत्र समाजको चिहान भयो, त्योसँगै सुरु भएको दासयुगको संक्रमणपछि उत्पादन अत्यधिक बढ्न थाल्यो। त्यसका लागि अत्यधिक श्रमशक्तिको आवश्यता पऱ्यो, त्यो श्रमशक्ति युद्धबन्दीबाट आपूर्ति गर्न थालियो। युद्धबन्दीहरूलाई दास बनाइयो। यहीँबाट श्रमविभाजनको उद्‌भव भयो, कालान्तरमा दासहरूको संख्यामा वृद्धि भयो। शोषकवर्गले शोषितवर्ग अर्थात् दासहरूलाई नियन्त्रणमा लिन स्वचालित सैनिक संगठनको आवश्यकता महसुस गऱ्यो। त्योसँगै प्रहरी र जेलखानाजस्ता दमनकारी संस्थाहरूको निर्माण गरियो। त्यसलाई बलियो पार्न कर उठाउन थालियो। सार्वजनिक सत्ता तथा कर लगाउने र कर असुल गर्ने अधिकार प्राप्त सरकारीले सामाजिक निकायको रूप लिन्छन् र उनीहरूले त्यस्तो सम्मान प्राप्त गर्न बलपूर्वक कानुनको सहारा लिन पुग्छन्।"

त्यस्तै, यसको थप व्याख्या गर्दै एंगेल्स भन्नुहुन्छः

"राज्यसत्ता समाज विकासको खास चरणको उपज हो, यो समाज आफूभित्रका असाध्यै सल्झाउन नसक्ने अन्तरविरोधहरूको जञ्जालमा अल्झिएको छ वा सम्झौताविहीन प्रतिस्पर्धीहरूमा विभाजित छ भन्ने कुराको स्वीकारोक्ति हो। जसबाट मुक्त हुन त्यो असमर्थ छ। यी परस्पर फरक आर्थिक स्वार्थ भएका सम्झौताविहीन प्रतिस्पर्धीहरूले निरर्थक संघर्षमा एकले अर्कोलाई नष्ट नपारून् भनेर एउटा शक्तिको आवश्यकता पर्न गयो, जो समाजभन्दा माथि देखिन्छ, त्यस्तो शक्ति जसले ती विपरीत वर्गको अन्तरद्वन्द्वलाई मन्थर पार्न सकोस्, समाजमा सुव्यवस्थाको परिधिभित्र नियन्त्रणमा राखोस् अनि समाजबाटै उत्पन्न भएको तर समाजभन्दा माथि रहेको र त्यसबाट आफूलाई झन् झन् अलग्याउँदै जाने शक्ति नै राज्यशक्ति हो।"

निचोड

महान् दार्शनिक कार्ल मार्क्सदेखि फ्रेडरिक एंगेल्स हुँदै लेनिनको राज्य र क्रान्तिसम्मको एउटै निचोड भनेको राज्यसत्ताको चरित्र निरङ्कुश हुन्छ। यो आर्थिक रूपमा अल्पसंख्यक पुँजीपतिवर्गले बहुसंख्यक श्रमजीवी तथा सर्वहारावर्गमाथिको उत्पीडनलाई वैधता दिन निर्माण गरिएको यन्त्र हो। वर्तमान नेपालको राज्यसत्ताको चरित्र पनि ठीक मार्क्स, एंगेल्स र लेनिनले पत्ता लगाएको राज्यसत्ताको चरित्रभन्दा फरक हुने कुरै भएन भन्ने कुराको पुष्टि प्रदेश सभा तथा प्रतिनिधिसभाको निर्वाचनमा राज्यले देखाएको फासिवादी व्यवहारबाट पुष्टि भएको छ। नेपालको दलाल पुँजीवादी राज्यसत्ता निरपेक्षरूपमा जनताबाट टाढिँदै गएको त्यसले जनताको जायज मागलाई जबरजस्ती दबाउन राज्यको सम्पूर्ण शक्ति प्रयोग गर्न थालिएको छ। २०५१ सालमा राज्यको दमनका विरुद्ध जनताले गरेको शक्तिशाली प्रतिरोधपछि संसद्वादी दलहरू बाध्य भएर ५ बुँदे रोल्पा सहमतिमा आएका थिए, जसको मुख्य शर्त राज्यसत्ताको मूल चरित्र बदल्ने भन्ने थियो तर यथास्थितिवादी राजनीतिक दलहरू आफैँले गरेको सहमति लत्याएर उही ४७ सालको दलाल पुँजीवादी संसदीय व्यवस्था जबर्जस्ती लाद्न पुगेका छन्। यसको अर्थ नेपालमा पुनः प्रतिक्रियावादीहरूले राज्यसत्ता कब्जा गरिसकेका छन्। जो जनयुद्ध र जनआन्दोलनको मान्यता विपरीत रहेको छ। यसको अर्थ महान् दार्शनिक लेनिनले भने जस्तै, जनताबाट निरपेक्षरूपमा टाढिने, आफूलाई समाजभन्दा माथि राख्ने, सर्वहारा तथा श्रमजीवी जनतामाथि आर्थिक उत्पीडन थोपर्ने र जनतालाई दमन गर्ने शक्तिलाई सशस्त्र क्रान्तिमार्फत् ध्वस्त पारेर नयाँ जनताको राज्यसत्ता निर्माण गर्नु जरुरी भइसकेको छ।

# आदान प्रदान संस्कृतिको मुटु हो

**माथियस लाफोली**

*जनगणतन्त्र चीन र स्वीडेन अधिराज्यबीच दौत्य सम्बन्ध स्थापना भएको ६५ औँ वार्षिकी यस वर्ष मनाइँदैछ । दुई संस्कृतिबीचको सम्बन्धबारे थप प्रकाश पार्न बेइचिङस्थित स्विडिस दूतावासका सांस्कृतिक सहचरी **माथियस लाफोली**सँग चाइना टुडेले लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ । उहाँ सुपरिचित रङ्गमञ्च निर्देशक पनि हुनुहुन्छ र उहाँ चीनको केन्द्रीय नाट्य प्रतिष्ठानमा सन् २०13 मा पूर्णकालीन प्राध्यापक नियुक्त हुनुभएको थियो ।*

***चाइना टुडे : पश्चिमा देशहरूमध्ये चीनसँग औपचारिक रूपमा दौत्य सम्बन्ध जोड्ने स्वीडेन पहिलो देश हो । दुई देशबीचको सम्बन्ध र सांस्कृतिक आदान प्रदानलाई तपाई कसरी हेर्नुहुन्छ ?***

**माथियस** : चीन स्वीडेनबीचको कुटनीतिक सम्बन्धको स्थापना एउटा निरन्तरको प्रक्रिया भनी बुझ्नु महत्वपूर्ण हुन्छ । महत्वपूर्ण आदान प्रदान सरकारीस्तरमा मात्र सीमित नराखी विभिन्न व्यक्तित्वहरूलाई पनि समेट्नुपर्दछ । एक स्वीडिस सांस्कृतिक सहचरीको नाताले, कलाकारहरूको आदान प्रदानमा म विशेष जोड दिन चाहन्छु । आपसी समझदारी बढाउन फरक सांस्कृतिक पृष्ठभूमि भएका कलाकारहरूबीच अन्तरक्रिया तथा विचार आदान प्रदान संस्कृतिको मुटु हो ।

***चाइना टुडे : चीन र स्वीडेनबीच सांस्कृतिक आदान प्रदानको लामो इतिहास छ । सन् २००६ मा १८ औँ शताब्दीमा निर्मित जहाज 'गोथेवर्ग' को प्रतिकृति (Replica) क्वाङचाओस्थित सामुद्रिक रेशममार्गको प्रारम्भिक विन्दुमा नौ महिना र पन्ध्र दिनको समुद्री यात्रापछि आइपुग्यो । चिनियाँ-स्वीडिस मित्रतामा यो घटनाको के महत्व छ ?***

**माथियस** : गोथेबर्ग स्वीडिस इस्ट इन्डिया कम्पनीको काठद्वारा निर्मित व्यापारिक जहाज थियो र त्यसले १८ औँ शताब्दीमा पूर्वी चीनसम्म तीनपटक समुद्री यात्रा तय गऱ्यो । त्यस जहाजले चिनियाँ माटाका भाँडा चिया र रेशम स्वीडेन ल्याएको थियो, जुन स्वीडिस जनताबीच तुरुन्तै प्रिय बन्यो । विगत दुईसय वर्षदेखि चीन र स्वीडेनबीच व्यापारिक सम्बन्ध रहँदै आएको जो कोहीले बताउन सक्छ र गोथेबर्ग दुई देशका जनताबीचको सम्बन्ध र हामीले गरेको दिगो आदान प्रदान उजागर गर्दछ । सञ्चार महत्वपूर्ण छ र नयाँ गोथेबर्गको सफलतापूर्ण यात्रा वर्तमान अवस्थामा दुई देशबीच के भइरहेका छन् भन्ने बताउने एउटा राम्रो अवसर पनि हो ।

***चाइना टुडे : हालै मात्र बताइएअनुसार स्टकहोम विश्वविद्यालयमा कन्फुसियस इन्स्टिच्युट बन्द गरियो । यस समाचारले स्वीडेन र चीन दुबैको ध्यानाकर्षण गरेको छ । यसमा तपाईंको के विचार छ ?***

कम्फुसियस इन्स्टिच्युट युरोपमै पहिलो थियो । गत वर्षको डिसेम्बरमा विश्वविद्यालयले दुई संस्थाबीचको सहकार्य टुङ्ग्याउने निर्णय गऱ्यो । राज्यले त्यस्ता कार्यमा हस्तक्षेप गर्दैन । प्राज्ञिक स्वतन्त्रताको सिद्धान्त हाम्रो निम्ति निकै महत्वपूर्ण छ । स्वीडिस जनतामा चिनियाँ संस्कृतिप्रति गहिरो अभिरुचि छ र कन्फुसियस इन्स्टिच्युटले चिनियाँ भाषा सिक्न र चिनियाँ संस्कृति बुझ्न सहज प्रदान गरेको छ ।

***चाइना टुडे : सन् २०१० मा दुई देशबीच सांस्कृतिक क्षेत्रमा सहकार्यको सहमतिपत्र (२०१०-२०१४) मा हस्ताक्षर भयो । सांस्कृतिक आदान प्रदान थप तीव्र बनाउने उद्देश्यबाट त्यो प्रेरित थियो । यो सहकार्यको महत्व के छ ?***

**माथियस** : सांस्कृतिक आदान प्रदान देशको मुटुजस्तै हो । राज्य तहमा सांस्कृतिक संचार स्थापना गर्न सकिए दुई राष्ट्रबीच आपसी हित हासिल गर्न सकिन्छ भन्ने सन्देश प्रवाह हुन्छ । म आफू स्वयं कलाकार हुँ र स्वीडिस जनताका निम्ति कलाको अर्थ स्वतन्त्रता तथा आत्मनिर्भरता हो । कलाकार बन्न दिमागलाई सधैँ खुला राख्न आवश्यक हुन्छ र विभिन्न परिस्थितिमा कलाकारिता प्रतिबिम्बित हुनुपर्छ । आदान प्रदान सम्भव बनाउनुमै कलाको महत्व निहित हुन्छ र राज्य तहका समझदारीले संस्था तथा व्यक्तिबीचका आदान प्रदानको सहजीकरण गर्दछ ।

***चाइना टुडे : सन् २०११ मा स्वीडिस पर्यटन अधिकारीहरूले चिनियाँहरूलाई स्वीडिस परम्पराबारे अध्ययन गर्न र स्वीडेन भ्रमण गर्न उत्साहित गर्ने उद्देश्यले एउटा कार्यालयको स्थापना गरे । पर्यटन क्षेत्रबारे यहाँको धारणा के छ ?***

**माथियस** : आजकल स्वीडेनमा अहिलेसम्मकै सबैभन्दा बढी संख्यामा चिनियाँ पर्यटकहरू आउँछन् । अन्य संस्कृतिबारे बुझ्न पर्यटन एउटा राम्रो उपाय हो । स्वीडेन खुला समाजको देश हो र मानिसहरू आफ्नो सरकार र समुदायप्रतिको जिम्मेवारीबारे गम्भीर छन् । चिनियाँ पर्यटकहरू स्वीडेन आउने बेला हामी कसरी जीवनयापन गर्दछौँ भन्नेबारे बुझ्न उनीहरूले अवसर पाउँछन् । उदाहरणका लागि, सप्ताहन्तको दिन स्वीडिस परिवारहरू सँगै बसेर खेलकूदमा भाग लिन्छन् । पर्यटकहरूको आकर्षण मात्र होइन, मानिसहरूको दैनिक जीवनको अनुभवकै सराहना गरिनु आवश्यक छ ।

आजकल चीन भ्रमण गर्ने स्वीडिस पर्यटकहरूको संख्या पनि बढ्दै गइरहेको छ । पहिलोपटक चीन पुग्नेहरू ग्रेटवाल पुग्न इच्छा गर्छन् भने दोस्रो पटक आउनेहरू चिनियाँ मानिसहरूसँग भेटघाट गर्न मन पराउँछन् । त्यसले संस्कृति, परम्परा, प्रथा र विचारप्रति गम्भीर अभिरुचि जगाउँछ र यी सबैले चीनको विविधता दर्शाउँछ । यी सबैको बारे पढेर मात्र पुग्दैन, आफैँले खोज अनुसन्धान गर्न आवश्यक छ ।

***चाइना टुडे : सन् २०१३ मा स्वीडेन-चीन सांस्कृतिक महोत्सवको पहिलो सत्रको उद्घाटन स्टकहोमको शाही बगैँचा (King's home) मा सम्पन्न भयो । त्यो कार्यक्रम अत्यन्तै भव्य रूपमा सफल भयो । सांस्कृतिक आदान प्रदान बढाउन त्यसको कस्तो भूमिका रह्यो ?***

**माथियस** : त्यो सफताले स्वीडिस जनताको मनभित्र रहेको चीनबारेको यथार्थ अभिरुचि अभिव्यक्ति गरेको छ । चिनियाँ संस्कृति, कला, पाक्विद्या र व्यापार आदि महोत्सवमा प्रस्तुत थिए र तीमध्ये चिनियाँ खानेकुरा आकर्षणको केन्द्र रह्यो । धेरै मानिसहरू एक ठाउँमा बसेर सँगै खाइरहेको दृश्यले चिनियाँ संस्कृतिको मर्म बुझ्न सजिलो बनायो ।

***चाइना टुडे : ८ नोभेम्बर २०१४ म***

*... बाँकी पृष्ठ ७ मा*


## नगरबासीहरूमा अनुरोध

- व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
- नगरपालिकालाई बुझाउनुपर्ने घरजग्गा कर, मालपोत दस्तुर, व्यवसाय कर, घरबहालगायत कर नियमित रुपमा तिरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडिको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।

**बागमती नगरपालिका कार्यालय**

**कर्मैया, सर्लाही**


## वाम गठबन्धन ...

भने यी समस्याको समाधान हुनुपर्ने हो । यहाँ त यी समस्याहरू समाधान नभएर झन् चर्केर गएका छन् भने राजनीतिक सिद्धान्तमै बहस गर्नुपर्ने हो तर यसो हुन सकेको छैन ।

के वाम गठबन्धन यो राष्ट्रिय स्वाभिमानको समस्यालाई समाधान गर्न उसले घोषणापत्रमा भनेझैं समदुरीको सन्तुलित विदेश नीति लागू गर्न सक्ला ? त्यसका लागि प्रमुख बाधक बनेको भारतसँगका विगतका असमान सन्धि सम्झौताहरू खारेज गर्न सक्ला ? खुला सिमानामा पर्खाल वा तारबार लाउने हिक्मत गर्ला ? कि थप असमान सम्झौता गर्दै जाला ? के उसले युवाहरूको पलायनतालाई रोकेर रोजगारको व्यवस्था गर्न सक्ला ? के उसले बढ्दो भ्रष्टचार रोकेर औद्योगिक राष्ट्रिय पुँजीको विकास गर्न सक्ला ? त्यसका लागि बाधक बन्ने विश्व बैंक र व्यापार संगठनको प्रावधानको आलोचना गर्न सक्ला ? के उसले शिक्षा र स्वास्थ्य क्षेत्रको निजीकरण र व्यपारीकरण रोक्ला ? के उसले आईएनजीओ र एनजीओको मनपरी नियन्त्रण गर्ला ? के उसले कम्युनिस्टको नाममा खासगरी जनयुद्ध लडेकाहरूको सम्मान र संरक्षण गर्न सक्ला ? अन्तिममा, के वाम गठबन्धनले अहिलेको राज्यव्यवस्था र नेतृत्वप्रति जनतामा भएको व्यापक र चौतर्फी असन्तुष्टि, अनास्था र घृणालाई सम्बोधन गर्न सक्ला ? त्यसका निम्ति के उच्च तहका नेताहरूले आफ्नो व्यक्तिगत जीवनको हैसियत घटाउलान् ? के अहिले चुनावमा भएको खर्चलाई त्याग र बलिदान सम्झिएलान ? अहँ यो उसले गर्न सक्ने छैन र गरेका पनि छैन, बरु आफ्नो हैसियत बढाउन र त्यसको रक्षाका लागि के के गर्नुपर्ने हो, त्यो गर्नेछन्, जो अहिलेसम्म गर्दै आएका छन् । यसरी वाम गठबन्धनको विजयमा उत्साहित जनता छिट्टै निराश हुनेछन् । त्यसपछि नै वास्तविक वाम र कम्युनिस्टहरूको खोजीको क्रममा विप्लव नेतृत्वको नेकपालाई खोजिनेछ तर यसको लागि जनस्तरमा नै वैचारिक बहसको आवश्यकता छ ।

२) भ्रम र वास्तविकता

नेपालमा वाम भनेको कम्युनिस्ट हो र कम्युनिस्ट भनेको वाम हो भन्ने सबैभन्दा ठूलो सैद्धान्तिक र राजनीतिक भ्रम परेको छ जुन कुरा सम्पूर्ण रूपले गलत हो । त्यसो भए वास्तविक सत्य के हो त ? वास्तविक सत्य यो हो कि न त यी वास्तविक कम्युनिस्ट हुन न त वाम नै । किनभने, कम्युनिस्ट भनेको त निजी पुँजी/स्वामित्व र त्यसमाथि आधारित व्यक्तिवादको विरोधी हुन्छ । कम्युनिस्ट भनेको साझा पुँजी/स्वामित्व र त्यसमाथि आधारित सामूहिकताको पक्षधर हुन्छन् । यति मात्रै हैन, सो प्राप्तिका लागि निरन्तर संघर्षरत हुन्छन् तर यहाँ त यसको विरोधी हैन, सबैभन्दा बढी वकालत, रक्षा र विकास गरिएको छ भने यी कसरी कम्युनिस्ट हुन्छन् ? त्यस्तै वामपन्थीको ऐतिहासिक सन्दर्भ र अर्थ भनेको सत्ता तथा यथास्थितिको विरोधी भन्ने हुन्छ तर यहाँ त पटकपटक सत्ताको उपभोग गर्ने र यथास्थितिको रक्षामा निर्णायक भूमिका खेल्नेहरू नै स्वघोषित वामपन्थी छन भने यी कसरी वामपन्थी हुन्छन् ?

वामपन्थीको विजयले स्थायित्व, विकास र समृद्धि हुनेछ भन्ने अर्को ठूलो भ्रम छ, यो पनि गलत छ किनभने सिद्धान्तमा क्रान्ति अधुरै छोडेर असफल दलाल पुँजीवादी संसदीय राज्यव्यवस्थालाई नै अवलम्बन गरिएको छ भने व्यवहारमा हाम्रो प्रत्यक्ष पहिलो भोगाइ र देखाइ छ कि बिना-श्रम र स्रोत नेपाली कांग्रेसका नेताले २० वर्षमा कमाएको सम्पत्ति एमालेका नेताले १० र माओवादीका नेताले ५ वर्षमा कमाएका छन् भने यिनको विकास र समृद्धिको नाराले समाज, देश र जनताको विकास र समृद्धि कसरी होला र ? धेरै भए नेताहरूको विकास र समृद्धि कार्यकर्ता र आफन्तको एउटा निश्चित तहमा विस्तार होला । त्योभन्दा धेरै आशा गर्नु भविष्यमा पैदा हुने निराशाको कारक मात्र हुनेछ । दोस्रो प्रत्यक्ष भोगाइ र देखाइ छ कि यी वामपन्थीहरूको नेतृत्व पनि नारामा बाहेक यथार्थमा स्वतन्त्र, स्वाधीन र स्वविवेकी छैन । साम्राज्यवादबाट निर्देशित, नियन्त्रित र परिचालित छ । त्यसैले वाम गठबन्धनले स्थायित्व पनि दिन सक्नेछैन ।

अहिले वाम गठबन्धनप्रति जनतामा देखिएको आकर्षण स्थायी हुने भ्रम पनि दिएको छ । यो पनि गलत छ किनकि तत्काल जे आकर्षण छ, यसको कारण एकातिर यी अरूभन्दा बढी दुःख-कष्ट, मिहिनेत, आन्दोलन र जनताको तल्लो तहबाट आएका हुन्छन् भने अर्कोतिर नेपाली जनता अन्य देशका जनताभन्दा बढी सचेत छन् र कम्युनिस्टलाई मन पराउँछन् । अर्को कुरा के छ भने लामो समयदेखि चुनावबाट शान्तिपूर्ण रूपले समाजवाद आउने जुन भ्रमको खेती गरिएको थियो, त्यसको स्वभाविक प्रतिफल वा बतासे अण्डाको बच्चाको रूपमा यो वाम गठबन्धनको विजय भएको छ ।

यो वाम होइन, छलछामको गठबन्धन हो किनकि यो गठबन्धन भनेको संशोधनवादी, दलाल सुधारवादी, यथास्थितिवादी, प्रतिक्रान्तिकारी र फासिवादी गठबन्धन हो । यो भनेको कम्युनिस्ट क्रान्ति, समाजवादको उद्देश्य, सहिदको बलिदानजस्ता आदर्श, मूल्य-मान्यता र एजेन्डाहरूको व्यापार गर्ने चालु व्यापारीहरूको गठबन्धन हो । यो गठबन्धन भनेको जनताको कम्युनिस्ट चाहनामाथि उत्तर-साम्राज्यवादी डाँकाद्वारा गरिएको बलात्कारबाट जन्मिएको त्यो अवैध र विकृत बाच्छो हो, जसलाई आदर्शीकरण गर्दै भगवानको रूपमा पुज्न बाध्य पारिँदैछ । त्यसैले यो गठबन्धन भनेको वास्तविक कम्युनिस्टहरू र वामपन्थीको बद्नाम गर्दै त्यसको गला रेट्न अगाडि सारिएको साम्राज्यवादी षड्यन्त्रको गठबन्धन हो किनकि यसको आधार मालेमावादी सिद्धान्तका प्रस्तावना बनेका छैनन्, बरु लामो समयदेखिको साम्राज्यवादी उदारीकरण र निजीकरणको तीव्र बहावसगै मिसिएको आईएनजीओ र एनजीओको भेलबाढीको मिसावट बनेको छ । जसको उद्देश्य नै कम्युनिस्टको अन्त्य गर्नु हो ।

३) विकल्प

नेपाली जनता कम्युनिस्ट चाहन्छन् भने वास्तविक कम्युनिस्ट व्यवस्था आउनुपर्छ, हुनुपर्छ र ल्याउनुपर्छ । त्यो व्यवस्था भनेको वैज्ञानिक समाजवाद हो र यो एकीकृत जनक्रान्तिबाट वर्तमान दलाल पुँजीवादी व्यवस्थाको अन्त्यपछि आउँछ । त्यसैले नेपालमा सधैँ क्रान्ति किन अधुरै रह्यो र पछिल्लो शान्ति प्रकृया किन असफल भयो । यसको समीक्षासहित क्रान्तिलाई निरन्तरता दिन आवश्यक छ र नयाँ राजनीतिक सिद्धान्त तथा व्यवस्था वैज्ञानिक समाजवादबारे सबैको ध्यान केन्द्रित गर्न आवश्यक छ ।

एकीकृत जनक्रान्तिद्वारा स्थापित हुने वैज्ञानिक समाजवादमा सबैभन्दा पहिले देश र जनतालाई स्वतन्त्र भएको घोषणा गरिनेछ र अहिलेसम्मका अन्तर्राष्ट्रिय सन्धिहरू र ऋण खारेज भएको घोषणा गरिनेछ । त्यसपछि भ्रष्टचार गरेको सारा सम्पत्ति र भूमिको राष्ट्रियकरण गरेर औद्योगिक राष्ट्रिय पुँजीको विकास गरिनेछ र यो सर्तमा मात्रै विदेशी पुँजीलाई छुट हुनेछ । जनताको शिक्षा र स्वास्थ्यको सम्पूर्ण जिम्मेवारी राज्यले लिनेछ र युवा पलायनता रोकेर देशभित्र नै रोजगारको व्यवस्था गरिनेछ । साथै, प्राकृतिक साधन स्रोतको अत्यधिक सदुपयोग गरिनेछ भने पर्यावरणको समस्यालाई हल गरिनेछ । सम्पूर्ण युवाहरूलाई फौजमा भर्ती गरेर विकास निर्माणमा लगाइनेछ र खुला सिमानामा पर्खाल वा तारबार लगाइनेछ अनि आवश्यकतामा राष्ट्रिय प्रतिरोध गरिनेछ । महत्वपूर्ण कुरा कम्युनिस्ट पार्टीको निश्चित तहका नेताले "उसबाट क्षमतानुसारको काम र उसलाई आवश्यकतानुसारको दाम" को नीति लागू गर्नेछन् र उनको व्यक्तिगत सम्पत्तिको अन्त्य गरिनेछ । केवल यसरी मात्रै देशको विकास र समृद्धि हुनेछ र जनतामा "क्षमताअनुसारको काम र कामअनुसारको दामको" नीति लागू हुनेछ । जो विकास र समृद्धिको मुख्य आधार हो ।

अन्त्यमा, विद्यमान देश र जनताले भोगिरहेका वर्तमान समस्याको समाधान अहिलेकै दलाल राज्यव्यवस्थावाट सम्भव छैन, चाहे कथित वाम गठबन्धन होस्, चाहे लोकतान्त्रिक गठबन्धन होस्, यिनमा तात्विक भिन्नता हुनेछैन तर वाम गठबन्धनले यो वास्तविकता लुकाएर समस्याको पहिचान नगरी उल्टो जनताको क्रान्तिकारी आवाजलाई कुल्चेर संसदीय दलाल फासिवादको अभ्यास गर्नेछ । त्यसैले अहिलेको वाम गठबन्धनको आधार- यहाँ पार्टी एकता नै भएछ भने पनि त्यो मालेमावादी राजनीतिक सिद्धान्त र राज्यव्यवस्थाका बारेको स्पष्टता र एकरूपतामा नभएर चुनावमा हार्ने डरले, जनताको भन्दा बढी विदेशीको भरले अनि भारु र डलरको नेपाली रूपैयाँमा गरिएको रूपान्तरणले अन्तिममा, छलछाम र लुटपाटको रहरले भएको र हुने हुनाले यसबाट जनताले धेरै आशा गर्नु आफैँलाई भ्रममा पार्नु मात्रै हुनेछ ।

२०७४ पुस ३, काठमाडौ

संस्मरण/नियात्रा

# हामी ठड्याउँछौँ कमरेड स्टालिनको सालिक



अशोक सुवेदी

***महान् लेनिनको शव अवलोकन गरिरहँदा मैले उनको विगतलाई सम्झिएँ। करिब एक मिनेटमा हामीले लेनिनलाई बायाँबाट परिक्रमा गरिसकेका थियौँ। त्यति समयमै मैले लेनिनगाथा दोहोऱ्याएँ मनमनै। लेनिनका दाजु अलेक्ज्यान्डर उल्यानोभ जारशाहीमाथि बमप्रहार गरेर सहिद नबनेका भए लेनिन कम्युनिस्टहरूलाई भेला पारेर सहस्त्र सहरी विद्रोहमा उत्रिन्थे कि उत्रिँदैनथे होला ! मेरो मनमा गम्भीर प्रश्न खडा भयो। रुसमा लेनिन–स्टालिनले त्यति ठूलो विद्रोह गरेर मार्क्सवादको पहिलो सफल प्रयोग नगरिदिएको भए विश्वभर समाजवादको लहर आउँथ्यो कि आउँदैनथ्यो होला !***

हामी रुसको यात्रामा छौँ। अक्टोबर क्रान्तिको शतवार्षिकी महासम्मेलनमा भाग लिन हामीलाई रुसका मार्क्सवादी-लेनिनवादी पार्टीहरूको संयुक्त मोर्चा मार्क्सिस्ट-लेनिनिस्ट प्लेटफर्म अफ रसियाले आमन्त्रण गरेको हो। यसका एक आयोजक हुन् दिमित्री कोस्चेन्को। किम इल सुङको एक सय पाँचौँ सन्स डेका अवसरमा जनगणतन्त्र कोरियाको राजधानी प्याङ्याङमा गत अप्रिलमा भेट भएको थियो हाम्रो। त्यहीँ उनले हामीलाई निम्ता दिने वाचा बाँधेका थिए। नभन्दै हामीलाई बोलाए। उनकै निमन्त्रणामा रुस पुगेका छौँ हामी। रुस टेकेको पहिलो दिन हामी अध्यागमनदेखि होटेलसम्म मात्र सीमित भयौँ। दोस्रो दिन हामी राजधानी मस्कोका ऐतिहासिक राजनीतिक, सांस्कृतिक र महत्वपूर्ण प्रशासकीय एवम् कला-संस्कृति झल्काउने स्थानहरूको अवलोकन गरिरहेका छौँ। महासम्मेलनको मुख्य भाग लेनिनग्रादमा पाँच तारिखदेखि सुरु हुनेछ। हामी चार तारिखसम्म मस्कोमै रहनेछौँ। यहाँ रहँदा हामीले मस्कोमा रहेका महत्वपूर्ण सङ्ग्रहालय, प्रदर्शनीस्थल र ऐतिहासिक स्थलहरूको अवलोकन भ्रमण गर्नेछौँ।

हामीलाई थाहा छ, रुसलाई महान् बनाउने अभियानमा करोडौँ रुसी क्रान्तिकारी योद्धा, जनता र नेतृत्वको ठूलो भूमिका छ। तानाशाह जार शासकका विरुद्ध लेनिनका दाजु अलेक्ज्यान्डर उल्यानोभले गरेको विद्रोह र जार शासकलाई मारेको अभियोगमा गरिएको उहाँको हत्या लेनिनलाई क्रान्तिकारी आन्दोलनमा होम्ने एउटा शक्तिशाली ऊर्जा बनेको बुझ्न कुनै कठिनाइ छैन तर पनि लेनिनले व्यक्तिहत्याको विरोध र राजनीतिक क्रान्तिमा जोड दिनुभयो। त्यही शासकको हत्याका लागि अलेक्ज्यान्डर उल्यानोभहरूको क्रान्तिकारी समूहले बनाएको योजना र कार्यक्रमको आलोचना भयो तर १९०५ को अप्रिल क्रान्तिपछि, अक्टोबर क्रान्तिको क्रममा सहरी विद्रोहमै जार शासकलाई जनताले घिसारीघिसारी समाप्त पारिदिए। यो स्वाभाविक र अपरिहार्य प्रक्रिया थियो। अलेक्ज्यान्डर उल्यानोभको बलिदानपछि लेनिनले ससाना कम्युनिस्ट पार्टी र समूहहरूलाई एकजुट बनाउनुभयो। त्यसैको परिणति थियो बोल्सेबिक पार्टी। रुसमा अलेक्ज्यान्डरको बलिदानपछि लेनिनले सङ्गठित गर्नुभएको विद्रोह र नेपालमा गङ्गालाल श्रेष्ठको बलिदानपछि पुष्पलालले काङ्ग्रेसबाट विद्रोह गरी कम्युनिस्ट पार्टीको स्थापना गरेको सन्दर्भ मिलेजस्तो अनुभूति गर्‍यौँ हामीले। फरक के थियो भने दाजुको हत्यापछि लेनिनले क्रान्तिकारी आन्दोलनको ज्वारभाटा सिर्जना गर्नुभयो र रुसलाई सशस्त्र सहरी विद्रोहबाट मुक्ति दिलाउनुभयो, यता नेपालमा भने पुष्पलालले कम्युनिस्ट पार्टी स्थापना गरेर नयाँ जनवादी क्रान्तिको खाका कोर्दै आन्दोलन जारी राखे पनि क्रान्ति सम्पन्न नहुँदै उहाँको मृत्यु भयो र तत्काल क्रान्ति अघि बढ्न सकेन। चीनमा माओले प्रयोग गर्नुभएको गाउँबाट सहर घेर्ने दीर्घकालीन जनयुद्धको मोडेलको सिको गर्दै २०५२ सालमा आरम्भ गरिएको जनयुद्ध क्रान्तिको उद्देश्य पूरा नहुँदै सेटब्याक खायो अर्थात् जनयुद्धका कमान्डरहरूले नै घुँडा टेके र दुस्मन वर्गसँग आत्मसमर्पण गरे। फलस्वरूप हजारौँ सहिद र बेपत्ता योद्धा तथा लाखौँ क्रान्तिकारी जनसमुदायको आशा र भरोसामा तुसारापात भयो।

हामी नोभेम्बर १ तारिखमा यूएईको एउटा प्रमुख सहर दुबई हुँदै मस्को अवतरण गरेपछि आयोजक संस्थाका नेता दिमित्री कोस्चेन्कोलाई अध्यागमन पार हुनासाथ प्रतीक्षालयमा कुरिरहेको अवस्थामा भेट्यौँ। हामीलाई उनले न्यायो वर्गीय मायाले स्वागत गरे। उनीसँगै स्वागतमा उपस्थित थिए भर्भराउँदो युवा वयमा हिँडिरहेका निकोलाई। मैले लेनिनग्राद-स्टालिनग्रादमा लोकार्पण र परिचर्चाका लागि बोकेको १२ केजी तौलको पुस्तक र पत्रिकाहरूको पोको कहिले दिमित्री र कहिले निकोलाईले पालैपालो गरी बोके र कमरेड्ली माया देखाए। पोकोमा मैले २१ वर्षदेखि सम्पादन/प्रकाशन गर्दै आएको नौलो बिहानीको अक्टोबर क्रान्तिको शतवार्षिकी विशेषाङ्क, मेरो सम्पादन र अखिल क्रान्तिकारीका अध्यक्ष पूर्णबहादुर सिंहको प्रकाशन रहेको नेकपाका महासचिव कमरेड विप्लवको एकीकृत जनक्रान्ति ग्रन्थको तेस्रो संस्करण, नौलो बिहानीको साम्राज्यवादविरुद्ध जनगणतन्त्र कोरिया र थबाङ महाधिवेशन विशेषाङ्क, जनगणतन्त्र कोरियाको दोस्रो यात्रापछि मैले लेखेको शक्तिशाली समाजवाद : जनगणतन्त्र कोरियाको दोस्रो यात्रा (संस्मरणसङ्ग्रह), आमा काव्य, रामप्रसादको सिसमहल (कथासङ्ग्रह), सिर्जनाभूमि (साहित्यिक इतिहास), नेकपाका स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरो प्रमुख कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' ले गतसाल प्रकाशन गर्नुभएको



अक्टोबर क्रान्तिको शतवार्षिकीसम्बन्धी पुस्तिका, नेकपाले अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा प्रकाशित गरेको ब्रोसर (पर्चा), रातो खबर साप्ताहिकको अक्टोबर क्रान्तिको शतवार्षिकी विशेष अङ्क, नागरिक समाजले अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा प्रकाशन गरेको विशेष पर्चा, विद्यार्थीनेता कमरेड पूर्णबहादुर सिंहले लेख्नुभएको र नेपाल-कोरिया लेखक-पत्रकार मञ्चले प्रकाशन गरेको जनगणतन्त्र कोरिया यात्रासम्बन्धी पुस्तक वैज्ञानिक समाजवाद र जनगणतन्त्र कोरिया, कवि अतृप्त पाण्डेयको कवितासङ्ग्रह समयसित रुमाल छैन...। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै मेरो लगेज ३२ केजी भएको र २० केजीभन्दा बढी लग्न नपाइने भनेर १२ केजी पुस्तक निकाल्न लगाएको थियो सुटकेसबाट। एउटा योजना र कार्यक्रमसहित तय गरेर बोकेका पुस्तकको तौल बढी भयो भन्दैमा म किन छाड्थेँ र एयरपोर्टमै। विशेष शुल्क तिरी अर्कै प्याकेट बनाएर मैले त्यसलाई दोस्रो लगेज बनाएको थिएँ। मस्को झर्दासम्म पनि कयौँ सहयात्रीहरू मेरो पुस्तकमोह र दुईवटा गह्रौँ लगेजप्रति व्यङ्ग्य र टिप्पणी गर्दै थिए तर मैले कुनै सामान बाटामा छोडिनँ। त्यसलाई गन्तव्यमा पुऱ्याउन सहयोग गरिरहेका थिए दिमित्री र निकोलाई। यात्रामा हिमलाल पराजुली, भीम भारती र सुरेश पोखरेलको पनि केही साथ पाएको थिएँ पुस्तक बोक्न। भारतीले त आफ्नो झोला नै च्यातिने गरी पुस्तक राखेर घिसार्नुभएको थियो।

मस्को टेकेको अर्को दिन बिहान अर्थात् नोभेम्बर २ तारिखमा आरम्भ गरेका थियौँ हामीले क्रेमलिन दरबार र रेडस्क्वायरको भ्रमण। बस र भूमिगत मेट्रो रेल हुँदै तय गरेका थियौँ हामीले क्रेमलिन दरबार र रेड स्क्वायरको यात्रा। हाम्रा पाका कमान्डर थिए कमरेड दिमित्री। अग्लो शरीरमा मस्कोको हिउँ पचाउने बाक्लो ओभरकोटमा उनको व्यक्तित्व असाध्यै खुलेको थियो। उनी आयोजक पार्टीका जिम्मेवार व्यक्तित्व त छँदै थिए, मस्को सहरका एक असल र जानकार अध्येताका साथै कुशल गाइड पनि थिए। अङ्ग्रेजी भाषा थोरै मात्र बोल्ने दिमित्रीले असल दोभासे पाएका थिए बेल्जियमका पाका कमरेडलाई। उनीसँग पनि हाम्रो प्योङ्योङमै भेट भएको थियो। रुसी, अङ्ग्रेजी, कोरियालीलगायत धेरै भाषाका ज्ञाता थिए उनी। अनुवाद गर्दा वा बोल्दा आँखा चिम्लिने बानी थियो उनको। मार्क्सवाद-लेनिनवाद र जुछे विचारका अनुयायी उनी कमरेड दिमित्रीको अनुभव अङ्ग्रेजी भाषामा सहजीकरण गरिरहेका थिए।

पहिलो दिनमै दिमित्रीले हामीलाई भूमिगत मेट्रो रेल स्टेसनहरूमा लगेर त्यसका भित्तामा कोरिएका ऐतिहासिक, क्रान्तिकारी मूर्ति र चित्रकलाहरू देखाए। ती ऐतिहासिक कलाहरू रुसमा अक्टोबर क्रान्तिको सफलतापछि स्टालिनकालमा निर्माण गरिएका थिए। जुन सहर, गल्ली, चोक वा भूमिगत स्टेसन जहाँ गए पनि ऐतिहासिक सम्पदाहरूका कलात्मक अभिव्यक्ति देख्न पाइन्थ्यो चित्र र मूर्तिको माध्यमबाट। हामीसँग बेल्जियम, ब्राजिललगायत झन्डै ४० जनाको समूह थियो र त्यसलाई प्रत्यक्ष नेतृत्व दिइरहेका थिए कमरेड दिमित्री। साथमा थिए युवा कमरेड आन्तोन र एलेक्सी। एलेक्सी र आन्तोन हामी बसेकै होस्टेलको अर्को कोठामा बसेका थिए हाम्रो सजिलोका लागि। मस्कोबासी दिमित्री राती कहाँ बस्थे हामीलाई थाहा हुँदैनथ्यो। सायद घरै जान्थे कि ? तर भोलि बिहान कति बजे तयार हुनुपर्ने हो, उनी आज बेलुकी नै भन्थे र सही समयमा हामी तयार भएको देख्न चाहन्थे। हामी प्रायः नेपालीको बानी भने नेपालबाट युरोप पुग्दा पनि फेरिन सकेको थिएन। कहिले को छुट्ने, कहिले को हराउने भइरहेको थियो।

भूमिगत रेल स्टेसनमा बन्दुक, बम, गोला र बारुदसँग मस्त भएर बसेका योद्धाहरूको चित्र र सालिकमा मक्ख पर्दै हामीले सामूहिक र एकल पनि तस्बिर खिचायौँ। हस्तबहादुर केसी र मोहन घिसिङलाई पनि सेल्फीले तानिरहेको थियो। सेल्फीको यात्रामा हुनुहुन्थ्यो भारती पनि। तर सामूहिकतालाई पनि छोड्नुभएको थिएन उहाँहरूले। अर्थात् सबैलाई कुनै पनि चित्र र दृश्यहरू नछुटून् भन्ने चिन्ता देखिइरहेको थियो। रुसले राजनीति, विचार र कार्यदिशामा मात्र होइन, इतिहास, कला र संस्कृतिमा पनि उत्तिकै विकास र रक्षा गरेको देख्न पाइन्थ्यो। यो सबै लेनिनको वैचारिक र राजनीतिक कर्ममा कमरेट स्टालिनले गरेको विकासको योगदान थियो। मैले मनमनै सोचेँ, चित्र र मूर्तिको राजधानी भने पनि हुने रुसमा अखिल नेपाल ललितकला सङ्घका अध्यक्ष एवम् नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका महासचिव अग्निराज पौडेल 'अराप' र उपाध्यक्ष मूर्तिकार नरेन्द्र भण्डारी पनि साथमा भएको भए यो यात्रा अझै रसिलो र सार्थक बन्ने थियो...।

मस्को यात्रामा झन्डै दुई सय मिटर गहिराइका सुरुङ र लिफ्ट पनि हाम्रा लागि आकर्षक बने। यद्यपि हामीले प्योङ्याङमा यति गहिरा सुरुङमार्ग लिफ्टमा छिचोलेका थियौँ। प्योङ्याङका सुरुङ केही वर्षअघि वा केही दशकभित्रै बनेका थिए तर मस्कोका सुरुङ झन्डै एक सय वर्षअघि कमरेड स्टालिनले निर्माण गर्नुभएको थियो। साम्राज्यवादका दलालहरू अमेरिकाको बयान गरेर थाक्दैनन् तर रुस अझैसम्म कसैले बयान नगरेरै पनि महान् रहेछ र लेनिन-स्टालिनले यसलाई हरेक क्षत्रबाट महान् बनाउनुभएको रहेछ। मैले हिँड्दाहिँड्दै कमरेड हिमलालसँग भनेँ- कमरेड, रुसी जनतालाई समाजवाद नपचेको रहेछ। त्यसैले त ख्रुस्चेबदेखि पुटिनसम्मले बाघको छालामा स्यालको रजाइँ गरेका रहेछन्...। उहाँले होमा हो थप्नुभयो। त्यसपछि हामीले बेलाबेलामा भनिरह्यौँ- बाघको छालामा स्यालको रजाइँ...।

पहिलो दिनमै हामी भूमिगत रेल स्टेसनमा रहेका चित्र, मूर्ति र ऐतिहासिक सम्पदाको अवलोकनपछि भव्य पार्कमा रहेको महान् विचारक कार्ल मार्क्सको विशाल सालिक अवलोकन गर्न पुग्यौँ र एकल र सामूहिक तस्बिर खिचायौँ। यहाँ पनि कमरेड दिमित्रीले रुसी भाषामा यसको ऐतिहासिकता र महत्वका बारेमा व्याख्या गरे भने बेल्जियमका पाका कमरेडले आँखा चिम्लिएर सानो माइकबाट मार्क्सको सालिकबारे परी लगाए। दक्षिणकोरियाका कमरेडहरूले साम्राज्यवादको नाइके अमेरिका र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका साम्राज्यवादी गतिविधिविरुद्ध नारासहित प्लेकार्ड प्रदर्शन गरे। हामीले पनि प्रस्तावित नेपाल-रुस लेखक/पत्रकार मञ्च आयोजक रहेको अक्टोबर क्रान्तिको शतवार्षिकी र लेनिनका योगदानहरूविषयक ब्यानर प्रदर्शन गर्‍यौँ। लेनिनको देशमा लेनिनकै योगदानका विषयमा नेपालबाट बनाएर लगेको ब्यानर मार्क्सको सालिकमुनि प्रदर्शन गर्न पाउँदा मन प्रफुल्ल भयो। मैले निष्कर्ष निकालेँ- अब यो ब्यानर हामी गएका सबै ऐतिहासिक महत्वका स्थलहरूमा देखिनेछ। त्यसपछि रुसीहरूले मात्र होइन, संसारभरका मानिसहरूले हामी लेनिनवाद र स्टालिनलाई कति गहिराइ र उचाइबाट मन पराउँछौँ र लेनिनका योगदानहरू अमर छन् भन्ने थाहा पाउनेछन्।

मार्क्सको सालिक अवलोकनपछि हामी क्रेमलिन दरबार र रेडस्क्वायरको यात्रामा लाग्यौँ। हाम्रा लागि आजको दिन ऐतिहासिक र अत्यन्त महत्वको थियो किनकि हामी आज महान् लेनिनको शव अवलोकन गर्दै थियौँ। शव राखेको स्थानमा जान हामीले लामो लाम बस्नु पर्‍यो। त्यसअघि हामीले मस्कोको हिउँ बोकेको माइनस डिग्रीको हावालाई मुखबाट बाफका रूपमा उकेलिरहेका थियौँ। हाम्रा हात कठ्याङ्ग्रिइरहेका थिए। बोली लटपट्टिइरहेको थियो। जिउ कक्रिन थालिसकेको थियो तर पनि हामीलाई ऐतिहासिक क्रेमलिन दरबार र रेडस्क्वायरको प्राङ्गणले ऊर्जा भरिरहेको थियो, ताप दिइरहेको थियो। हामी लेनिन र स्टालिनका सङ्घर्ष र क्रान्तिका कथा र गाथाहरू सजाएर नयाँनयाँ जिज्ञासा शान्त पार्ने हतारोमा थियौँ।

क्रेमलिन दरबार र रेडस्क्वायरमा रहेका राताराता भवनहरूलाई पृष्ठभागमा पारेर हामीले एकल र सामूहिक तस्बिर खिचायौँ। कमरेड दिमित्री र बेल्जियमका वृद्ध कमरेड अविरल व्याख्यान दिइरहेका छन् क्रेमलिनको इतिहास र रेडस्क्वायरको महत्वका बारेमा। हामीलाई कथा, इतिहास सुन्न र तस्बिर खिच्न भ्याइनभ्याइ छ। रेड स्क्वायरमै देखिए केही थान चटकेहरू। दुईजनाले रुसको परम्परागत पोसाक लगाएका थिए। उनीहरू रेड स्क्वायर भ्रमणमा आएका पर्यटकहरूसँग तस्बिर खिचाएर पैसा कमाउँदा रहेछन्। रेड स्क्वायरमै भेटियो लेनिन र स्टालिनको अनुहार र पहिरनको एक जोडी। यो जोडीले पनि आफूहरू लेनिन र स्टालिनका अनुहारको रहेको भन्दै तस्बिर खिचाएर पैसा लिने गरेको रहेछ। कतिपयले खिचाए र पैसा तिरे, कतिपयले तस्बिर खिचाएर पनि पैसा नतिरी हिँडे भने कतिपयले खिचाएनन् तर पनि उनीहरूले एकछिन मनोरञ्जन भने गराए। क्रेमलिन दरबार, रेडस्क्वायर र त्यस क्षेत्रलाई सबै कोणबाट हामीले तस्बिरमा कैद गर्‍यौँ। त्यसपछि हामीले महान् लेनिनको शव अवलोकन गर्‍यौँ। महान् लेनिनको शव अवलोकन गरिरहँदा ... बाँकी ७ पृष्ठमा

कविता

## एकजना विद्रोहीको घोषणा

समीह अल कासिम

यदि मलाई मेरो ढिंडो छोड्नु परोस्
यदि मलाई मेरो कमिज र ओछ्यान बेच्नु परोस्
अथवा ढुंगा कुटेर खानु परोस्
अथवा भरियाको
अथवा सिनो उठाएर
र मलाई तिम्रो धन्सार सफा गर्न परोस्
अथवा गोबरका गहुँ टिपेर खान परोस्
अथवा भोकै बस्नु परोस्
र चुपचाप
ए, मानवताको दुश्मन !
म सम्झौता गर्नेछैन। अन्तिमसम्म
लडिरहन्छु।

आउ मेरो जग्गाको
अन्तिम टुक्रासमेत लुट
जेलको कालकोठरीमा
मेरो बैंस कैद गर
मेरो अतीत लुट
मेरो पुस्तकमा आगो झोस
मेरो थालमा तिम्रो कुकुरलाई खुवाऊ
जाऊ मेरो गाउँको सिरानमा
आफ्नो आतंकको जाल फैलाऊ
ए ! मानवताको दुश्मन !
म सम्झौता गर्नेछैन
र अन्तिमसम्म लडिरहन्छु

यदि तँ मेरो आँखामा
मैनबत्ती पखालेर खन्याउँछस्
यदि तँ मेरो ओठको
सबै बोसो जमाउँछस्
र तँ मेरो वातावरणलाई
अपमानले गुन्जायमान गर
अथवा मेरो दुःख दबाऊ
मसँग जालझेल गर
मेरा बच्चाको खुसी खोस
र मेरा आँखामा
अपमानको पीडा भरिदेऊ
ए, मानवताका दुश्मन !
म सम्झौता गर्दिनँ
र अन्तिमसम्म लड्नेछु
म लड्नेछु।

ए, मानवताको दुश्मन !
बन्दरगाहमा मस्तुल देखिइसकेको छ
वातावरणमा यत्रतत्र संकेत छन्
मैले सर्वत्र देखिरहेको छु
क्षितिजमा पानी जहाजको छत
देखिइसकेको छ
त्यो आइरहेको छ
विरोधको गीत गाउँदै
युलिसिसको जलवाहन नजिकिंदैछ
लुटिएका मान्छेको समुद्रबाट
सूर्योदय हुँदैछ
मान्छेहरू अघि बढ्दैछन्
र त्यसका लागि म वाचा गर्छु
म सम्झौता गर्दिनँ
र अन्तिमसम्म लड्छु
म लड्नेछु

**स्रोत : इंतिफादा**
**अनुवाद : अनिल शर्मा**

## हामी ठड्याउँछौं ...

मैले उनको विगतलाई सम्झिएँ । करिब एक मिनेटमा हामीले लेनिनलाई बायाँबाट परिक्रमा गरिसकेका थियौं । त्यति समयमै मैले लेनिनगाथा दोहोऱ्याएँ मनमनै । लेनिनका दाजु अलेक्ज्यान्डर उल्यानोभ जारशाहीमाथि बमप्रहार गरेर सहिद नबनेका भए लेनिन कम्युनिस्टहरूलाई भेला पारेर सहस्त्र सहरी विद्रोहमा उत्रिन्थे कि उत्रिँदैनथे होला ! मेरो मनमा गम्भीर प्रश्न खडा भयो । रुसमा लेनिन-स्टालिनले त्यति ठूलो विद्रोह गरेर मार्क्सवादको पहिलो सफल प्रयोग नगरिदिएको भए विश्वभर समाजवादको लहर आउँथ्यो कि आउँदैनथ्यो होला ! अर्थात् त्यो लहर आउन अरू कति समय पर्खिनुपर्थ्यो होला विश्वले ! मार्क्सले एङ्गेल्स र भानुभक्तले मोतीराम भट्ट फेलापारेझैं लेनिनले स्टालिन फेला नपार्नुभएको भए नाजीवादी हिटलरले विश्वयुद्धको नाउँमा रुसलाई कसरी चपाउँथ्यो होला ! महान् लेनिनको शव अवलोकन गरिरहँदा यस्ता कयौं कुरा मेरो मनमा खेलिरहे । लेनिनको शव अवलोकनलाई मैले जीवनको अर्को सफल दिन र क्षणका रूपमा हृदयमा अङ्कित गरें । शव अवलोकन गरिसकेपछि पनि कयौं मानिस यो सक्कली शव होइन रे, यो दरबारको तल छ रे सक्कली शव त भन्दै आशङ्का व्यक्त गर्दै थिए । मैले लेनिनको असली शव यही मात्र हो र अन्यत्र कहीं पनि छैन भनेर ठोकुवा गरिदिएँ किनकि मैले महान् माओ, किम इल सुङ र किम जोङ इलको शव अवलोकन गरिसकेको थिएँ । लेनिनको शव अवलोकन गरिरहँदा मलाई किम इल सुङको शव नजिकै राखिएको किम जोङ इलको शवको स्मरण भयो । ख्रुस्चेबहरूले गिद्दले सिनो लुछेझैं नलुछेका भए महान् स्टालिनको शव पनि हामीले यसरी नै हेर्न पाउने थियौं र हृदयमा अझ बढी अनुभूति सँगाल्ने थियौं...। तर यो त हाम्रो कल्पनाको संसार न थियो । साम्राज्यवादका एजेन्टहरूले महान् स्टालिनलाई लेनिनबाट पहिल्यै छुटाउने षड्यन्त्र गरिसकेका थिए। स्टालिनलाई सम्झिँदासम्झिँदै मैले नेकपाको आठौं महाधिवेशनले गरेको स्टालिनको पुनर्मूल्याङ्कन सम्झिएँ । हाम्रो गौरवशाली पार्टीले महान् स्टालिनको पुनर्मूल्याङ्कन गर्दै दुष्टहरूले स्टालिनको फलाम र सिमेन्टको सालिक ढालेर समाजवाद ढालेको आत्मरति गरे पनि हरेक श्रमिकजनको हृदयहृदयमा स्टालिनका शक्तिशाली सालिकहरू निर्माण गर्ने उद्घोष गरेको स्मरण गरिरहेको थिएँ ।

(अक्टोबर क्रान्तिको शतवार्षिकी महासम्मेलन मस्को-लेनिनग्राद यात्रा डायरीबाट)

## सुराकीलाई ...

गर्दै आफ्ना नेता कार्यकर्ता पक्राउ गर्न ठाडो आदेश दिएको र पार्टीविरुद्धका अभिव्यक्ति दिने गरेको नेकपाका स्थानीय नेता-कार्यकर्ताहरू बताउँछन् । मातृका यादवले नेकपाद्वारा भदौ २ गते धनुषामा आयोजना गरिएको तत्कालीन नेकपा माओवादीका वैकल्पिक पोलिटब्युरो सदस्य रामवृक्ष यादवको स्मृतिसभामा चुल्ठे-मुन्द्रेसहित आक्रमण गरेको नेकपा जनकपुर ब्युरोले बताएको छ। यस्तै, वर्षमान पुनले रोल्पामा नेकपाको नाम निशाना मेटाउने भन्दै आवश्यकताभन्दा बढी सेना-प्रहरी परिचालन गर्दै नेकपाका पार्टी सदस्य, समर्थक र शुभचिन्तकलाई समेत पक्राउ गर्न आदेश दिएको नेकपा रोल्पाले बताएको छ । उता रुकुममा पनि जनार्दन शर्माले नेकपा निकट जनवर्गीय संगठनमा बसेकै आधारमा विद्यार्थी, केटाकेटी, बिरामी, अशक्त, घरमा काम गरिरहेकालाई समेत पक्राउ गर्न लगाएको नेकपा रुकुमले जनाएको छ।

पार्टीको घोषित नीतिअनुसार नै नेकपाले सबै खालका चुनाव खारेज गर्ने कार्यनीति अघि बढाएको थियो तर निर्वाचनमा सुरक्षा चुनौती भन्दै प्रशासनले देशभरि नै नेकपाका सयौं नेता कार्यकर्ताहरू धमाधम पक्राउ गर्न सुरु गऱ्यो । चुनावको अवधिमा नेकपाका सयौंको संख्यामा नेता-कार्यकर्ता समर्थक सुभचिन्तकसमेत पक्राउ परे । त्यसलगत्तै आफ्ना सबै खुला कार्यक्रम छोडेर नेकपाका नेता-कार्यकर्ता अर्धभूमिगतजस्तै बनेका थिए । पक्राउ गरिएका कतिपय नेता- कार्यकर्ताहरूलाई अहिलेसम्म पनि रिहाइ नगरिएको र झुटा मुद्दामा फसाउने खेल भएको नेकपा स्रोत बताउँछ।

## आदान–प्रदान ...

***९ औं नरदिक डकुमेन्ट्री फिल्म मेला (NORDOX) पेइचिङमा सम्पन्न भयो । पहिलो डकुमेन्ट्री कटिन वेग्सोद्वारा निर्देशित 'Don't Count Me Out' ले दर्शकहरूमा गहिरो प्रभाव छोड्यो । मानिसहरूमा राम्रो बुझाइ र अन्तरक्रिया बढाउन फिल्म एउटा राम्रो माध्यम हो भन्ने तपाईंलाई कसरी लाग्यो ?***

**माथियस** : यो अत्यन्तै मर्मस्पर्शी फिल्म हो । एकजना महिलाले ALS भनिने शरीरका अंगहरूले काम गर्न छोड्दै जाने खतरनाक रोगविरुद्ध गरेको संघर्ष देखाइएको छ । फिल्म हेरिरहँदा जो कोहीले त्यो पीडा अनुभूत गर्न थाल्छ र उनको अवस्था बुझ्न सक्छ । त्यतिखेर तपाईं अरूको दुःख होइन, आफ्नै दशा भोगिरहेको अनुभव गर्नुहुन्छ । यस खालका डकुमेन्ट्रि फिल्मले हामीलाई जानकारी नभई विषय बुझ्न अभिप्रेरित गर्छ या पन्छाउन लगाउँछ किनभने त्यस्ता समस्यासँग जुध्न र सम्हाल्न निकै कठीन महसुस हुन्छ । त्यस्ता डकुमेन्ट्रीले आफैंलाई अझ बढी राम्ररी चिन्न र अझ राम्रो मानिस बन्न प्रोत्साहित गर्दछ । हरेक व्यक्ति संस्कृतिको एउटा अवयव हो । संस्कृतिको निम्ति योगदान गर्छौं र संस्कृतिबारे विचार साट्छौं । हामीले जीवन नियाल्नुपर्छ र 'म को हुँ' भन्ने प्रतिबिम्बित गर्नुपर्छ ।

***चाइना टुडे : चीनको कुन पक्षले तपाईंलाई बढी प्रभाव पारेको छ ?***

**माथियस** : चिनियाँ विद्यार्थीहरूसँग भेट्ने, उनीहरूको आवश्यकता र माग बुझ्ने र उनीहरूले जीवन, संस्कृति र कलाबारे कस्तो दृष्टिकोण राख्दछन् भन्ने बुझ्ने क्रममा बहुमूल्य अनुभव प्राप्त भयो । यो चिनियाँ समाज, आधुनिक सोचाइबारे बुझ्न र मानवजातिलाई अझ राम्ररी बुझ्ने एउटा राम्रो तरिका हो । मैले भन्नैपर्छ कि चीनको नयाँ पुस्ताले मलाई अत्यन्तै उत्साहित तुल्याएको छ ।

***चाइना टुडे : सन् २०१५ को लागि चीन–स्वीडिस सांस्कृतिक गतिविधिको कुनै कार्यक्रम गर्ने योजना छ कि ?***

**माथियस** : यस वर्ष विशेषगरी बालबालिकाहरूका निम्ति स्वस्थ जीवनशैलीसँग सम्बन्धित कार्यक्रमहरू हुनेछन् । चीनमा जस्तै स्वीडेनमा पनि बालबालिकाहरूप्रति सम्मान तथा माया गरिन्छ ता कि तिनीहरूले उज्ज्वल भविष्यको निम्ति बलियो जग पाऊन् । तसर्थ, स्वीडिस समाजको भावना प्रतिबिम्बित हुनेगरी यो विषयवस्तु छनौट गरिएको हो । त्यही भावना चिनियाँहरूसमक्ष पुऱ्याउने पनि हाम्रो उद्देश्य हो ।

*Exchange is at the Heart of Culture*
*CHINA TODAY*
*vol 64, March 2015*

आरामदायी यात्राको लागि




सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप ।

सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९

### फेदीखोला गाउँपालिका, स्याङ्जाको सूचना !

जन्म दर्ता हुनु बालबालिकाको पहिलो अधिकार हो । जन्म दर्ता , विवाह दर्ता,बसाई-सराई दर्ता, सम्बन्ध बिच्छेद र मृत्यु दर्ता लगायतका व्यक्तिगत घटनाहरुलाइ सम्बन्धित वडा कार्यालयहरुमा गई घटना भएको ३५ (पैतिस ) दिनभित्र नि:शुल्क दर्ता गर्ने गरौं ।

'प्रशासनिक निकायबाट हुने झन्झटबाट बचौं !'

फेदीखोला गाउँपालिकाको कार्यालय
फेदीखोला, स्याङ्जा

### वैदेशिक रोजगार विभागको
## अत्यन्त जरुरी सूचना !

१. वैदेशिक रोजगारमा जान चाहनुहुन्छ भने घर सल्लाह गरी मानसिक रूपमा समेत तयार हुनुपर्दछ।
२. वैदेशिक रोजगार विभागबाट इजाजत लिई हाल सञ्चालित मेनपावर कम्पनी हो कि होइन ? बुझी स्वीकृतिप्राप्त मेनपावरमार्फत् जानुहोला। एजेन्ट वा व्यक्तिले वैदेशिक रोजगारीमा पठाउन कानुनतः नमिल्ने भएकाले त्यसतर्फ सचेत रहन एवम् त्यसरी जाँदा ठगिने र विदेशमा अलपत्र पर्न सक्ने सम्भावना हुन्छ।
३. मेनपावर कम्पनीबाट जाँदा कुन देशमा, कुन कामका लागि, कति तलबमा, कति अवधिका लागि, कति खर्च लाग्ने, ओभर टाइम हुने नहुने, कति अवधिभित्र पठाउने हो ? यकिन गरी मेनपावर कम्पनीको प्रधान कार्यालयमा मात्र रकम बुझाउनुहोला। बुझाएको रकमको भरपाई लिन नबिर्सिनुहोला। एजेन्ट वा कुनै व्यक्तिलाई रकम नबुझाउनु होला ठगिने सम्भावना हुन्छ।
४. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली राजदूताबासको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा लिई जानुहोला।
५. सूचीकृत स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई स्वास्थ्य प्रमाणपत्र लिनुका साथै वैदेशिक रोजगार बिमा अनिवार्य गराउनुहोला। विदेश जानुअघि अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिनुपर्छ।
६. विदेश जानुअघि जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता–पत्रमा हस्ताक्षर गर्नुहोला। सोको एकप्रति आफूसँग राख्नुहोला। फरक फरक सम्झौता नगर्नुहोला।
७. वैदेशिक रोजगारीसँग सम्बन्धित तपाईका सम्पूर्ण कागजातहरू (राहदानी, श्रम स्वीकृतिपत्र/श्रम स्टिकर, बिमा, सम्झौतापत्र, कल्याणकारी रसिद आदि) को फोटोकपी परिवारलाई दिई जानुहोला।
८. कानुन बमोजिम सुविधा (बिमा, कल्याणकारी रकम) पाउन वैदेशिक रोजगारमा जाँदा नेपालकै हवाईमार्ग (एयरपोर्ट) प्रयोग गर्नुहोला। विभागको स्वीकृतिबेगर विदेश (भारत) को विमानस्थल प्रयोग गर्न मिल्दैन। याद गर्नुहोस्, यसो गरेमा तपाईंलाई कार्बाही हुन सक्छ। यसबाट तपाईं वा तपाईंको परिवार सुविधाबाट बञ्चित हुन सक्नुहुन्छ।
९. वैदेशिक रोजगारसम्बन्धी जानकारी तथा सूचना र ठगीसम्बन्धी जानकारी जगाउन तत्काल विभागको हटलाइन फोन नं. ०१–४११२३५० मा तथा वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गराउनुहोला।
१०. पहिलेको श्रम स्वीकृतिको म्याद नाघेको वा नयाँ देश र कम्पनीमा वैदेशिक रोजगारीमा पुनः जाँदा अनिवार्यरूपले श्रम स्वीकृति लिनुहोला। करार अवधि सकिएपछि पुनः स्वीकृति बेगर नबस्नुस् अन्यथा सरकारको तर्फबाट कुनै पनि कानुनी उपचार र सुविधा उपलब्ध हुनेछैन।
११. महिला कामदारहरू वैदेशिक रोजगारीको लागि साउदी अरेविया, कतार, यु.ए.ई. र कुवेतमा घरेलु कामदारको रूपमा जानुपूर्व सम्बन्धित देशको नेपाली राजदूतावास/श्रम सहचारीबाट करारपत्र र भिसा प्रमाणित गराई श्रम स्वीकृति लिई मात्र जानुहोला।
१२. कसैलाई कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय वैदेशिक रोजगार विभागमा सूचना दिनुहोला।
१३. वैदेशिक रोजगारीका लागि प्रकाशित हुने सूचनाको आधिकारिकता बुझ्नुहोला। कुनै विषयमा शंका लागेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुहोला।



नियमित

# एकीकृत जनक्रान्तिका लागि अनुकूल वातावरण बन्दै



सुदर्शनराज पाण्डे

वर्तमान समयमा राजनीतिलाई आदर्शवाद र नैतिकतावादी परिधिबाट बाहिर ल्याउने प्रयास गरिएको पाइन्छ । विचार, सिद्धान्त, संगठन र संघर्ष नै राजनीति हो । राजनीतिको उद्देश्य राज्य कस्तो हुनुपर्दछ भन्ने थाहा पाउनु हो । देश र जनताको आवश्यकता र चाहनालाई देश, काल, परिस्थिति अनुकूल बनाई शान्ति, सु-व्यवस्था र समृद्धि कायम गर्नु नै राजनीतिको लक्ष्य हो । राजनीति एउटा शक्ति हो । शक्तिको मूल आधार जनता हुन् । राजनीतिक अव्यवहारिक र अस्वाभाविक विषय होइन । राज्य कुरीति मानवजीवनको अभिन्न अंग नै हो । राम्रो भन्दै जहाँ पायो त्यहाँ प्रयोग नहुन सक्दछ । पदार्थको व्यवस्थापन भौतिक विज्ञान हो । मन विग्रियो भने पदार्थले सन्तुलन पाउन सक्दैन । भौतिक विज्ञान र जीवन विज्ञानबीच सन्तुलन चाहिन्छ । राजनीति सधैँ नीतिको प्रधान नीति हो । राजनीतिले देशको परिवर्तन र विकासको भविष्य निर्धारण गर्दछ । राजनीति घृणित खेल होइन तर हिजोआज राजनीति भ्रष्ट नेताहरूको कारण घृणाको प्रतीक बनेको छ । राजनीति व्यवस्थाभित्र अव्यवस्था र कूव्यवस्था बढ्दै गएको छ । नागरिकले के गर्नुहुन्छ, के गर्नुहुँदैन भन्ने कुरा अधिकार र कर्तव्य राजनीतिले सिकाउँछ । प्रत्येक उत्तरदायी व्यक्तिले राजनीतिसँग सम्बन्ध राख्नैपर्दछ । राजनीतिले वास्तवमा मानवक्रिया, मानवीय व्यवहार प्रदर्शन गर्दछ । राजनीति कला र विज्ञान दुवै हो । राजनीति सिर्जना, चेतना र रचनात्मकता हो । मार्क्सवाद-लेनिनवाद-माओवाद शोषित उत्पीडित सम्पूर्ण जनताको मुख्य सहारा हो । राजनीति शब्द, नेता, नेतृत्वको प्रयोग पुँजीवादी विश्वमा संकुचित हुँदैछ । राजनीति शक्ति र सत्ताको दुरुपयोग भइरहेको छ । दीर्घकालीन विकास, दिगो शान्ति, देश र जनताप्रति उत्तरदायीभन्दा पनि तुच्छ क्षणिक स्वार्थतर्फ राजनीति उन्मुख छ । त्यसमा पनि नेपालको राजनीति अति घृणित खेल बनेको छ । राजनीतिको आधार पैसा, मसल (बाहुबल), षड्यन्त्र, अवसरवाद, आत्मसमर्पणवाद बनेकोले राजनीति वातावरण जनघाती, राष्ट्रघाती, प्रदूषित र दुर्गन्धित बनेको छ ।

वर्तमान संसद्वादी राजनीतिक अभ्यासबाट न प्रजातन्त्र, न समाजवाद, न साम्यवाद केही होइन; धनवाद, डनवाद, अवसरवाद, आत्मसमर्पणवाद र गलत संझौतावाद मौलाउने देखिन्छ । विदेशी चलखेलको केन्द्रमा नेपाल परिणत भइसकेको छ । नेपाल र नेपालीको स्वतन्त्र अस्तित्व र पहिचानमाथि चौतर्फी हमला भइरहेको छ । देशको रक्षक भनिएका हाल शासनसत्तामा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एमालेलगायत पार्टी चरित्रगत र प्रवृत्तिगत रूपमा एउटा ड्याङ्का मुला बनेर उत्पीडित, शोषित, गरिब, बेरोजगारी जनतामाथि दमन गरिरहेका छन् । जनतालाई दिग्भ्रमित र त्रसित पारेर विदेशी स्वार्थको आडमा नेपालमा लुटतन्त्र मच्चाइरहेका छन् । व्यक्तिगत स्वार्थ र विदेशी स्वार्थमा चुर्लुम्म डुबेका र राष्ट्रिय स्वार्थलाई गौण बनाउँदै लगेका संसद्वादी दलहरूकै कारण नेपालको राजनीति दुर्घटनाको सँघारमा पुगिसकेको छ । राजनीतिक विकल्प रोज्नुपर्ने र तत्काल हस्तक्षेप गर्नुपर्ने बाध्यता आएको छ । नेपाली जनता अहिले पनि राजनीतिक परिवर्तनको लागि विद्रोह गर्न तयार छन् । नेकपाको नेतृत्वमा एकीकृत जनक्रान्ति जारी छ । वर्तमान संसदीय राजनीतिक अभ्यासबाट देश र जनताको रक्षा र विकास नहुने लक्षण र संकेत देखापरेको छ । जनतामा विद्यमान सबैखाले शोषण, उत्पीडन, तनाव, द्वन्द्व, महंगी, बेरोजगारी हल गर्ने नीति कार्यक्रम र योजना छैन । राजनीति र कुटनीति सन्तुलन हुने अवस्था छैन । बहुदलीय गलत अभ्यासले नेपाललाई दलदलमा पुऱ्याइसकेको छ । एकदलीय वा बहुदलीय व्यवस्था मात्र नेपालका लागि उपयोगी हुने प्रमाणित भइसकेको छ । वर्तमान शासनसत्ताको नेतृत्वको गलत चरित्र देखेर समस्या नै समस्या, बेथिति नै बेथितिमा जकडिएका नेपालीहरूको मन दुखिसकेको छ । भरोसायोग्य नेतृत्वको खोजीमा जनता उत्रिसकेका छन् । राजनीति परिवर्तन निश्चित छ । खरबौं रूपैंया खर्च गरेर गराइएको पैसे चुनावबाट बनेको राजनीति शक्ति अवश्य ढल्नेछ । उनीहरूलाई मत दिने मतदाताले रामराम भनिहाले पनि काँध भने थाप्न सक्ने अवस्थामा छैनन् ।

नेपालका संसद्वादी दलहरूले नेपाललाई प्रयोगशाला बनाएर देशमा गरिरहेको राजनीतिक अभ्यास सबै असफल हुँदै गइरहेका छन् । विदेशी शक्ति र स्वार्थबाट परिचालित दलका नेताहरू अग्रगामी र देशभक्त हुनै सक्दैनन् । उनीहरू त नीति कथाका पात्र 'निलो रंगले रंगिएका भ्याल' सरह मात्र हुन्, अब संसद्वादीहरूको लुटतन्त्र समाप्त हुन धेरै दिन कुर्नुपर्दैन । देश र जनतालाई धोखा दिएर क्रान्तिलाई अधुरो र अपूरो छाडेर व्यक्तिगत स्वार्थ, गुटगत स्वार्थमा लिप्त भएका र ती नेताहरूको खराब नियतकै कारण उनीहरूको पतन अवश्यम्भावी भएको हो । अब देश, काल, परिस्थिति सुहाउँदो राजनीति मोडेलको व्यवस्था तर्जुमा भयो भने मात्र सबै नेपालीको निरन्तर भलो हुने अवस्था कामय हुन सक्दछ । पैसावाद र डनवादको संसदीय व्यवस्था अकालमै मृत्यु हुने भएको छ ।

तथाकथित संसदीय व्यवस्थाको निर्वाचन ध्वस्त पार्न देशभक्त क्रान्तिकारी जनता जुर्मुराइसकेका छन् । जनआक्रोश र असन्तुष्टि हल गर्न सक्ने क्षमता दोस्रो संविधानसभाबाट बनेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान र राजनीति पार्टीका व्यक्तिहरूसँग छैन । संघीय लोकतान्त्रिक गणतन्त्र संकटमा परिसकेको छ । प्रदेशसभा र प्रतिनिधिसभाको चुनावमय वातावरणले दबिएका असन्तुष्ट ठूलो संख्याका जनताको अन्तरविरोध र विस्फोटन छेक्न र रोक्न सक्दैन । राजनीति र अर्थनीति एउटा सिक्काका दुईवटा पाटा हुन् । राजनीति जोगाउन साधारण खर्च अति बढाइएको छ । विदेशी ऋणबाट देश थला परिसकेको छ । उत्पादनका साधन स्रोतको सदुपयोग र संरक्षण हुन सकेको छैन । देश रेमिटान्सको कमाइबाट चलिरहेको छ । देश कृषिमा आत्मनिर्भर छैन । परनिर्भरता र बढ्दो साधारण खर्चले आर्थिक टाट पल्टाइको अवस्था आएको छ । संसद्वादी दलहरूले समस्या थोपर्नुबाहेक समाधान गर्न सक्छन् भन्ने देखिएको छैन । नेकपाको नितान्त राजनीतिक क्रान्तिलाई सुरक्षा प्रक्रियाद्वारा दमन गर्न खोज्ने वर्तमान सत्ताको रवैयाले संसदीय व्यवस्था टिक्न सक्दैन । अहिले नेपालमा राजनीति र कुटनीति जीवन मरणको सवाल बनेको छ । विश्वको आधुनिक राजनीति जटिलतिर मोडिएको छ । विश्व राजनीति अब ध्रुवीकरण भइसकेको छ । विश्व साम्राज्यवाद र विस्तारवादको आकस्मिक मृत्यु हुनेवाला छ । दुई शक्तिशाली राष्ट्र चीन र भारतको बीचमा रहेको सानो, कमजोर, अविकसित, राजनीति र कुटनीति असफल भएको राष्ट्र नेपालको भूमि युद्ध सरदार, आतंकवादका नाइके राष्ट्रहरूले प्रयोग गरिरहेका छन् ।

प्रष्टरूपमा भन्नुपर्दा नेपालको राजनीति नेपालीको हातमा छैन । नेपालीले दिएको भोटको कुर्न अर्थ छैन । नेपाली जनता निर्णायक छैनन् । नेपालको राजनीति विदेशी नियन्त्रण र निगरानीमा छ, निरन्तर अनुचित दबाब र अवाञ्छित हस्तक्षेप व्यहोरिरहन परेको छ । यसको सम्पूर्ण दोषी राष्ट्रघाती र जनघाती दलका नेताहरू नै हुन् । नेपालको शासनसत्ता र सरकारमा विदेशीको निर्देशनमा चल्ने, विदेशी स्वार्थ रक्षा गर्ने भ्रष्ट दलाल नेताहरूको हावी छ । संसदीय दलको कुनै औचित्य र अपरिहार्यता देखिँदैन । यतिखेर जनसत्ता, जनवाद, राष्ट्रिय स्वाधीनता, नेपालीको स्वाभिमान, राष्ट्रिय एकता राष्ट्रिय स्वार्थ, आर्थिक उन्नति, प्रगति, नेपालीको सपना र भविष्य सबै गौण बन्दै गइरहेका छन् । यतिखेर नेपालको राष्ट्रियता अति जोखिममा र राष्ट्रको सर्वोच्चता र सर्वाधिकार खतरामा परेको छ । नेपाल र नेपालीको सर्वोत्तम हितका कुराहरू गरेर देशको बचेखुचेको अस्तित्व पनि नामेट पार्ने काममा प्रजातान्त्रिक गठबन्धन र वाम गठबन्धन सक्रिय छन् । अधिनायकवादको सपना पनि देख्न थालेका छन् । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन विदेशीको सहयोग, रेखदेख र स्वार्थ रक्षाका लागि हुँदैछ । सर्वसाधारण जनता अनभिज्ञ छन् । चेतनशील नागरिक सबै कुराको जानकारी पाएर पनि मौन छन् । वैकल्पिक शक्तिका रूपमा स्थापित हुँदै गएको नेपाली जनताको सहयोग र समर्थन बढ्दै गएको नेकपाको नेतृत्वमा जारी एकीकृत जनक्रान्तिमा सम्पूर्ण देशभक्त क्रान्तिकारी शक्ति र न्यायप्रेमी देशप्रेमी जनता गोलबन्द हुने निश्चित छ ।










निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ